दायित्व

(मासिक)

वर्ष ६ || २०४९ असोज || पूर्णाङ्क १८

लाहकार

० मथुरा के. सी.

० भोला रिजाल

र्यकारी संपादक

म प्रसाद पन्त

७४९८३

चना संपादक

रा कार्की

७११४७

वस्थापक

पन्त

पादन सहयोगी

कुरप्रसाद शर्मा

त्रीय प्रतिनिधि

ील कुमारी गिरी (पूर्व)

ष्णु प्र. भण्डारी (पश्चिम)

हयोग मण्डली

ष्ण बहादुर थापा

रिराज पन्थ

य प्र. निरौला

ुशील चन्द श्रेष्ठ

ुकुन्द शर्मा

दन स्थापित

भेटवार्ता

घेरैले सुन्दैमा बुझिने ... ... — प्रस्तुतिः हेमराज पाण्डे

– गोपाल योञ्जन, १ — लालगोपाल सुवेदी

कथा

त्यो फेरि फर्केन २९ — सविन शाक्य

सून्य समय ३२ — रुद्र झवाली

दुर्व्यसन अनि दुई प्रेमी ३४ — डा. मथुरा के. सी.

मैले चिनेका नेता ३९ — रामप्रसाद पन्त

लघुकथा

साहित्यकार ८ — ध्रुव शाही

फरक ३१ — रमेशजी सजल

चोर ! चोर !! ३१ — हरिशरण थापा

स्मृति कथा ४२ — वसन्तप्रकाश उपाध्याय

धर्म/संस्कृति

आमा तिम्रो नाम ९ — श्रीकृष्ण गौतम

नाटक

बूढो गोरू २३ — फणिन्द्र राज खेताला

कृति/समीक्षा

रिडी र राँची (हाँस्दै रुँदै) १७ — ठाकुर शर्मा

कविता/गजल/गीत

अनु लक्ष्मी पन्त ८/ यदुपन्थ १५/ प्रमिला विरही १६/ कृष्ण वाउसे २२/ वीरेन्द्र राइ ३७/ उज्वल जी. सी. ३८/ तारा कार्की ४२/ गोविन्द प्रसाद श्रेष्ठ ४६/ शैलेन्द्र साकार ४९/ केदार प्रसाद सुवेदी ५१/

म९० र पुरस्कार द्वारा सम्मानित कवि लेखकहरु प्रति हार्दिक बधाई [illegible] रोदसी जन्माको क[illegible]रमा सम्पूर्ण देशवासीमा सुख समृद्धि एवं सुस्वास्थ्यको मंगलमय शुभकामना ।

सम्पादकीय

▒ विगत अठार महिनामा दायित्व परिवारले दायित्व साहित्य महोत्सव २०४९ को आयोजना गऱ्यो। १ देखि १६ अङ्कसम्म प्रकाशित रचनाहरूको मूल्याङ्कन गरेर कथा, कविता र निबन्ध क्षेत्रका विभिन्न १० रचनाहरू पुरस्कृत गरिए। तर हामीले यात्रा संस्मरण, आत्म संस्मरण तथा नाटकलाई समावेश गर्न सकेनौं। जेहोस्– यस्ता महोत्सवहरू संचालन गर्दै लैजाने क्रममा सबै विधालाई समेट्ने प्रयास गरिने छ।

▒ दायित्वले सधैं नव प्रतिभालाई प्रोत्साहित गर्दै जाने प्रकृया छाडेको छैन, त्यसो भएर नै उत्कृष्ट रचना–हरूको चयन गर्न सन्दर्भमा कार्यकारी दायित्व लिएको यस सम्पादकले समालोचक व्यूहरूसंग हुई बटा कुरामा ध्यान दिन आग्रह गरेको थियो– १ विशिष्ट एवं स्थापित साहित्यकारलाई चयन नगरी दिनु हुन, २ दायित्व परिवारका सदस्यहरूको नाम समावेश नगरी दिनु हुन।

▒ दायित्वले पांच वर्षको अवधिमा ठीक ३६५ बटा रचनाहरू प्रकाशित गरेर दायित्व साहित्य महोत्सवको नामबाट रचनाहरूको प्रथम वर्ष गाँठ मनाएको सम्झना दिलाएको छ। हुनवमि दायित्व साहित्य यात्राको लामो आयुमा वर्ष दिनको शैशवकाल मात्र व्यतित भएको छ भने हुन्छ। आशा एवं विश्वास छ दायित्वका शुभेच्छुक साहित्य प्रेमी जन समुदायबाट निरन्तर गति प्रदान गर्दै चिरस्थायी बनाउने काम भै नं रहने छ।

▒ कविवर श्री केदार मान व्यथितज्यूको शब्दमा (दायित्व साहित्य महोत्सव २०४९ मा प्रमुख अतिथिको आसनबाट) मात्र दायित्व, दायित्व परिवारको होइन, दायित्व सबै वर्ग र समुदायको दायित्व हो, राजनैतिक सामाजिक बौद्धिक सबै क्षेत्रको दायित्व हो। नेपाली साहित्य जगतमा शिर्षस्थ स्थान राख्ने मूर्धन्य साहित्यकारका यो महोक्तिलाई हामी नमुलौं। मनन एवं अनुसरण गरौं।

▒ अन्तमा विगत तीन महिना भित्रमा दिवंगत हुनु भएका ज्ञात अज्ञात साहित्यकारहरूलाई हार्दिक श्रद्धाञ्जली र पुरस्कार द्वारा सम्मानित कवि लेखकहरू प्रति हार्दिक बधाई ज्ञापन गर्दै विजया दशमी २०४९ को यस रोचनी अवसरमा सम्पूर्ण देशवासीका सुख समृद्धि एवं सुस्वास्थ्यको मंगलमय शुभकामना।

धेरैले सुन्दैमा बुझिने कविता नै गीत हो

गोपाल योञ्जन

"दायित्व" साहित्यिक मासिक पत्रिकाका कार्यकारी सम्पादक दाजू श्री रामप्रसाद पन्तज्यूले १६ औं अङ्क प्रकाशनको पूर्वाद्धमानै पाण्डेजी आगामी १७ औं अङ्कको अन्तवार्ताको जिम्मेवारी तपाईंमा भन्नु भए अनुसार साहित्य, संगीत, रचना र स्वरमा उत्कृष्ट योगदान दिएका र मरेपछि पनि अविस्मरणीय रहने कुन उत्कृष्ट शोखरलाई अन्तर्वार्तामा चयन गरूँ ? भन्ने २,४ दिनको कौतूहल पछि अति चर्चित, लोकप्रीय र सफल संगीतकार र गीतकार श्री गोपाल योञ्जन ज्यूको नाम एकासी मेरो मानस-पटलमा जन्म्यो । यदा कदा उहाँको विषयमा कौतूहलता लिने पठनीय पाठकहरूको इच्छा तृप्ति गर्न २०४९।४।१२।२ को पूर्व-सन्ध्यामा "दायित्व"को दायित्व पुरागर्न युवा कवि श्रीलालगोपाल सुवेदी संगै उहाँको निवास स्थानतिर लागें ।

करिब ३० फुटको महाराजगंज र बालाजू बीचको अति व्यस्त बिल्लो कालो पत्रे चक्रपथको ठीक बीच भागबाट उत्तरतिर मोडिएको नागबेली कच्चि बाटोको करिब १ कि. मी. दूरीमा नपुग्दै बायाँ पट्टी बाटोसङ्ग जोडिएको जस्ताको छानो, झिगटीको छिडी भएको र पक्की भित्तो भएको ३ तले घर करिब ६ रोपनी जग्गाको कम्पाउण्ड भित्रै पहाडी हाट बजारका घरको आकृति झल्काउने पूर्व-मोहोडाको घर छ काठको ढोकाबाट फुत्त भित्र छिर्न प्रत्येक नव आगन्तुकलाई पूच्छर हल्लाएर स्वागत गर्न सेतो भूबाबार सेरू कुकुरले यो लेखकलाई पनि घरको तल्लो छिडीको पूर्वी पटाङ्गिनीमा सजाइएका कुर्सीमा आसन लिएर आपन बरपर हाँसेका घुपी, सल्लो, करबीरे, पारीजात, कमल, मालती, बेली, चमेली लालपत्रे, गोलेची, हज्जारी, गुर्दाउली, सूर्यमुखि, लालूपाते, लालकोदी, स्वेत गुलाफ लगायत संसारको कस्तै सुन्दर बाटिकाको धितमानें उद्यानबाट शिक्षा, सुगन्ध र स्वाद लिई आफ्नो भावनाको डायरीमा अङ्कित गर्न आतिथ्यमा चयन गऱ्यो । सानैदेखि साच्चिकै म फूलप्रेमी, अझ सेरूको त्यो संकेतले बूबो उडेको विशाल फूलको आगनको बीच भागमा अवस्थित ईनारदेखि पश्चिमपट्टीको सफेद पानीको तलैयामा रंगी विरङ्गी माछाहरू पौडी खेल्दै आपनो क्रिडा मनाइ रहेका थिए । चारैतिर बाट उज्यालो मिठाउदै हाँसेका नेपाली शैलीका झ्यालको तलपट्टी काँचो माटोमा कुदोएका बुद्धका स्निग्ध आखाँ, हाति, ऊँट, घोडा, हरीण तथा चरा-चुरङ्गीका तस्वीरहरूले हिन्दु-बुद्धको सहिष्णुताको संगमस्थलको सङ्केत दिन्थ्यो । निस्तेज आवाज मा हुनुनु गर्न चक्रपथको सवारी पश्चिम तथा

कम्पाउण्ड फुलवारीको पूर्वपट्टीको हर्दम उर्वर हरीयाली भूमिमा मन्दवेगमा बयली खेल्ने प्राकृतिक लहरीबाट उड्दै भर्वेरा र माउरीहरू रङ्गी विरङ्गी फूलको बासना चुस्ने झुम्मिदा मेरा पनि भावनामा एकाग्र काल्पनिक भर्वेरा बनेको वासनामा आकर्षित विपनाको निद्रालाई सेरुको आवाजले यथार्थमा फर्कन संकेत दिन्थ्यो। उता पूर्वपट्टीको महाराजगंजको सीम पाखोलाई काखोमा च्यापेर पोखिएको पहिलो घामको झुल्कोले टिलपिल गर्दै फूलको तरेलोमा स्वर्णीम झुण्डिएको शीतको थोपा-लाई चर्को रापसंग शोषेर आपनो काबूमा मेराएकटक आँखालाई छकाएर राहत खोज्ने प्रभाती किरणको चिर्को राप विरुद्ध म आक्रोसित थिएं। सुन्दरताक पक्षमा समर्थन गर्न आक्रोशित मेरो ज्वारलाई छकाउदै सन्मुखमा एकासी मुडुमाथी एक २० वर्षीय किशोर युवकको आतिथ्य आगमनको प्रश्नमा मेरो मन चोरियो र आउनुको वास्तविकता बनाएं। केही क्षणमै यवकबाट संकेत पाए पछि तलको पूर्वी ड्यालबाट सम्मुख तल पटाङ्गिनीमा प्रतीक्षारत नव आगन्तुकतर्फ पुर्लक हेरी आगन र बौचको कोशी जोड्ने कालो रङ्गीन नागबेली भन्याङ हुंदै आगनमा आइनपुग्दै आगन्तुकको परिचय संग आउनुको तात्पर्य अवगत गरेपछि आपनो सामान्य परिचय एक विशाल व्यक्तित्व-शाली व्यक्तिले दिनुभयो। मैलेपनि आपनो उद्देश्य प्रस्तुत गर्दै जिज्ञाशाको प्रतिउत्तर पाउने सकारात्मक सङ्केत पाएपछि त्यही पटाङ्गिनीमा बसेर सफल गीतकार तथा सङ्गीतका मूर्धन्य सारथी श्री गोपाल योञ्जनसङ्ग सोधिएका केही प्रश्न र पाएको उत्तरको संक्षेप आर यसप्रकार छ।

▩ याहाँको सामान्य परिचय पारिवारिक जीवन समेत?

卐 बि. सं. २००० साल भाद्र गुरु पूर्णिमाका दिन दार्जिलिङ्ग ओकाइटी चियाबगानमा बुवा श्री बुद्धिमान योञ्जन र माता क्षेगुडोलमा योञ्जनको कोखमा जन्मी प्रारम्भिक जीवन त्यही बित्यो। सन् १९६७ मा (२०२४ सालतिर) बि. ए. पुरागरी उच्च शिक्षा हासिल गर्न नेपाल आएं। २०२६ सालमा नेपालीमा एम. ए. पुरागरी २०२८ सालदेखि पद्म कन्या क्याम्पसमा अध्यापन पेशा अपनाउदै आएको छु। नेपाली लोक सङ्गीत गायन मेरो अध्यापन विषय हो।

यता २०२६ सालमा काठमाण्डौ मै रिम्छिन् योञ्जनसङ्ग शुभ बिबाह सम्पन्न भई २ छोरा १ छोरीको सामान्य जीवन चल्दैछ। मेरो शोखका विषय बाल्यकालदेखि नै सङ्गीतमा रहेको छ, यसको मतलब प्राज्ञ, रचना र स्वरप्रति कम छ भन्ने होइन।

▩ सङ्गीत क्षेत्रमा आफूसङ्ग नेपाललाई नै माथि उठाउने श्रेयको सफलता कहाँबाट पाउनु भयो?

卐 शुरु शुरुमा छोरी अन्धबेगमा कर्त आपनो जीवन बर्बाद गर्छ कि भन्ने अभिभावकको रुढीवादी सोचाई मेरो स्कूल र कलेज जीवनको सफलता पछि प्रेरणा सहित स्वीकार्य भयो। जहाँ म जन्मे हुर्के, त्यहाँ दौरा, शुरुवाल, खुर्पेटो, खुकुरी र नेपालीपन भन्दा आफूलाई गौरब लाग्थ्यो। पहरा मा जन्मी टाकुरामा खाइ खेल्दै हुर्कने आपनो पन थियो। साथै दार्जिलिङका स्थानीय क्लबमा नित्य साँझ बिहान मेलमिलाप र सौदाबाजीमा निशुल्क गान बजानमा प्रदर्शनी हुन्थे। त्यसरी मेरो बाल्यकालदेखिको शोखलाई जीवनभर मैले परि-चालन गर्न पाएकोमा केही गरेको अथवा योगदान दिएको ठान्छु।

▩ संसारका कस्तै सभ्य परिवारमा पनि बाबु या आमा सर्वगुण सम्पन्न यदि छन् भने उनका उत्तराधिकारीहरू चारित्रिक क्षेत्रमा पथभ्रष्ट भएका हुन्छन् तर तपाई शरीर संरचना मृदुभाषा र जीवन यापनमा यति सफल तपाईको श्रीमती तपाई भन्दा अझ राम्री र जागीरको अझ सफल, झन् छोरी पठनपाठन सङ्ग एशियाली प्रतिभा विश्व विद्यालयमा सफल, छोराहरू पनि पठन, पाठन, व्यायाम सच्चरित्रसङ्ग तपाईकै पेशामा सफल, यो आनन्द त त्रिकालदर्शी ईश्वरमा पनि अलभ्य कुरा हो, तर तपाईमा कसरी सम्भव भए होला ?

卐 हुनत पाण्डेजी यो संसारमा विरलै मात्रामा पाइने संयोगको कुरा हो । तर मेरो जीवनसाथी रिम्छिन् योञ्जन अति शिक्षित र विशिष्ट परिवारमा जन्मेकीले कुलीन र स्वस्थ आचरणबाट उनी जीवनमा कहिल्यै विचलित भइनन् । मैले आपना हरेक प्रयासमा कौशल बुद्धी र ज्ञान विवेकको सञ्जाह जीवनसाथिबाट सधै पाइरहें । मेरा चाहनाहरूमा कहिल्यै उनी बाधक बनिनन्, यद्यपि म पनि आफूलाई भूलेर अन्धवेगमा निजी स्वार्थको भ्रम-जालमा फसिन । हाम्रो यही संजोता अनुसारको आचरण र वातावरण छोराछोरीले पाए । यसबाट उनीहरूलाई कतै दुर्घटनामा पर्न भ्रान्ती भन्दा राम्रो काममा अगाडी बढ्न नै होसला भयो । फलस्वरूप गतसालको सरद ऋतुमा एशियाको मात्र सर्वश्रेष्ठ सिउलमा सम्पन्न Miss University प्रतियोगिता सुन्दरता, कला, बुद्धि, कौशल, खेलहरू मध्ये मेरी छोरी सिर्जना योञ्जन प्रतिभा नृत्यमा एशियामा उत्कृष्ट प्रदर्शन गरे वापत प्रथम पुरस्कार पाइन् । अरू पढाईको सफलता त छोराछोरीको लागि सामान्य कुराछ र छोराहरू दार्जिलिङ बोर्डिङ मा अध्ययनरत छन् । प्रत्येक अभिभावकले आपना नानीहरूलाई मेरो जस्तै वातावरण पुराइदिन सक्ने भए यो अरूको लागि बनि ठूलो कुरा थिएन, तर अधिकांश प्रतिभाहरू पैसा, प्रेरणा र प्रोत्साहनको अभावमा विचलित छन्, तर यो विग्दारीबाट मुक्त हुन् मेरो लागि पनि सफलतानै हो ।

▩ एकातिर तपाईका गीतहरूले राष्ट्रको बली वेदीमा रगतको आहुति चढाउन शंखघोष गर्छन् भने अर्कोतिर सामान्य जीवन चल्दा चल्दै पनि थाकेर आफैलाई मूर्दाको प्रतिक बनाउने निराशावादी, यो Contrast (विपरित) किन ?

卐 गीतको भावना समयको क्षणसङ्ग गाँसीएको हुन्छ । सधै सधै मानिसमा एकै मुड र टेम्पेचर रहँदैन । यसैले २२ बर्षको जोशीलो समयमा नेपाल संझी गर्म लाग्दा वीरधारामा बहकिएर बनेकोछ पहराले यो छाति मेरो", "रुदीनन् मेरी आमा मलाई बली चढाऊँ जस्ता उत्सर्गीत गीतहरू जन्मे । तर २०२४ सालमा भर्खरै नेपाल प्रवेशगर्दा सङ्गीत, कला, र शब्दमा आपसमा खुट्टा तानातान् र स्वार्थको जालो देख्दा मेरो प्रतिभा यतिकै कुण्ठितभै मकाएर जाने हो कि भन्ने त्रासले "जीवन देखि धेरै धेरै नै थाकेर, म मूर्दा भएको तिमी आज हेर" भन्ने निराशावादी गीत लेखें, त्यो मन समयको काबुमा बाँधिएको थियो ।

▩ नारायण गोपालको मृत्यु भन्दा ४,५ बर्ष पहिले देखि तपाईहरूको आदान प्रदान बन्द गियो भन्ने

सङ्गीत क्षेत्रमा सनसनी छ यो हावा ठिक वा हल्ला हो ?

卐 उहाँको स्वर अद्वितीय थियो र मेरा शब्दहरूलाई त्यो स्वरले उठाउन जति भूमिका खेल्यो, त्यति नै मेरो सङ्गीत र शब्दले पनि उहाँको स्वरलाई सजायो । हामी आपसमा सौदाबाजी र शब्द स्वर सङ्गीत साटासाट गर्दै उठ्दै गयौं । जब हामी सफलताको शीखरमा पुग्यौं, तब हाम्रो योगदानका तमाम समर्थकहरू (जो त्यही पेशाअपनाउन चाहान्थे) ले यति व्यस्त बनाइ दिए कि हामालाई त्यति पहिले जस्तै भेटघाट गर्न फूर्सद मिलेन । सयौं गीतकारले उहाँको स्वर मागे, सयौं सङ्गीतकारले मेरो सङ्गीतको कला मागे । आफ्ना शुभ चिन्तकहरूलाई सधाउँदा हामी बीचको भिन्नता गुमेको भ्रम भरूले चलाए । हेमराजजी, ऐले उहाँ हुनुहुन्न र उहाँको खोट र दोष देखाउनु मैले प्रतिघात र अपराध गर्नु हो । उहाँको मृत्युले गीति क्षेत्रलाई जति टुहुरो बनायो त्यति मेरा शब्दहरू पनि महत्त्व नपाई रहने भए र यसै मरे । एकआपसमा फाट्टफुट्ट भेटघाट हुँदा गीतको कुरा गर्न गरेनौं, किनकी यति छिटो हाम्रो बिछोड हुन्छ भन्ने दुवैलाई थाहा थिएन । हामी दुवैको मिलन र लेनदेनमा हाम्रो सफलताको संयोग थियो । यसले उहाँको मृत्युले मलाई बिना बोटेको डुङ्गा जस्तै बनाएको छ । जति भरूलाई उहाँको मृत्युमा शोक छ त्यो भन्दा बढी म पश्चातापमा छु ।

▩ तपाईले दार्जिलिङमा जे जति लेखेपनि आखिर सफल गीतकार भन्ने चिनाइ दिने माध्यम रेडियो नेपाल हो, तर आज त्यही रेडियो नेपालमा गएर अब गीत गाउन भन्ने सुन्दा आफ्नो पालन पोषण गर्ने अभिभावक प्रति अपमान गरे जस्तै भएन र ?

卐 म सहस्र स्वीकार्छु रेडियो नेपाल मलाई जन्माउने पालन पोषण गर्ने र हुर्काउने पवित्र संस्था हो । संस्थाप्रति मेरो कुनै पूर्वाग्रह छैन । तर कतिपय व्यवस्थापनको लापरवाही र अपमानजनक परिपाटी देखेर संस्था प्रतिको मोह घटेकोछ खाई-नखाई २,४ पैसा जम्मा गरेर घरैमा स्टुडियो राखौं हिजो आज आनन्द लिन्छु । यदि शक्तिशाली ओहोदा ग्रहण गर्ने कुर्सीवालाले हामी जस्ता कलाकार सङ्गीत बिन जाँदा ख्याल नगर्ने र केही भन्दा पनि बेवास्ता गर्ने गरेको देखेर मलाई दिक्क लागेको हो । शायद हेमराजजी तपाईले रेडियो नेपाल बाहिरको म जस्तै कलाकार सङ्ग यही प्रश्न सोधेमा यही उत्तर पाउनु हुनेछ ।

यदि तपाईहरूले राम्रा र वजनदार शब्द रचनागरी गाउ भन्नु हुन्छ भने म गाउन बजाउन जति बेला पनि रेडियोमा तयार छु । मेरो सफलतामा तपाईहरू जस्तै गीतको मर्मबुझने तमाम नेपाली श्रोताहरूको सफलता रहेको छ ।

▩ तपाईहरूबाट हामीलाई यहाँ दार्जिलिङ्ग मनेर अपमान गर्ने चलन छ भन्ने सुनिन्छ भने अर्कोतिर अर्कायरोको अर्को गुनासो पनि सुनिन्छ ? वास्तविकता के हो ?

卐 आसामबाट आउनेलाई आसामेली, नेपालबाट आउनेलाई नेपाली र गुल्मीबाट आउनेलाई गुल्मेली भने जस्तै हामी दार्जिलिङबाट आएकालाई दार्जिलिङे भन्दा मलाई आश्चर्य छैन । तर..... टुक्रिएर, खुट्टा तानातान गरेर हाम्रो जस्तो सगीत र गीतमा टुहुरो मुलुकका कलाकार र सङ्गीतकार नै सत्ता र पर्दाको लागि हारालुछी गर्दा के

गुम्छ र के कति क्षति हुन्छ, त्यो त सङ्गीत र गीतका मर्मज्ञलाई मात्र थाहा हुने कुरा हो। तर नेपालमा जन्मनेको जति यस क्षेत्रमा योगदान भयो के दार्जिलिङको योगदानले त्यसमा (बिगारेको) क्षति पुराएको छ र ? यसको मूल्यांकन गर्ने जिम्मा पनि दायित्वका अनवरत पाठकहरूलाई नै मैले सुम्पिन्छु।

▩ प्राय कलाकारहरू नशालू स्वभाव र दुई वा सो भन्दा बढी जीवनसाथिहरू सङ्ग दाम्पत्य बन्दा आफ्नो प्रतिभालाई अधुरो माछेन् भन्ने सत्य हो ?

卐 मेरो दृष्टिमा कलाक्षेत्रमा सफलता पाउन वास्तविकताबाट अलगिए र भावनामा डुबेको भावुक क्षण हो। जून क्षणमा म, मेरो गीत र स्वर बाहेक अरू सुरा-सुन्दरीको आवाज पनि नसुनी एक्लो भावनामा स्वार्थी बन्छु। त्यो त्यही स्वार्थ हो भने समय र कलाको क्षण हो, तर मेरो निजी स्वार्थ र दोष होइन बरू अज्ञान हो। अं, म नत बढी नशालू बनेर प्रतिभा गुमाएको छु, न त श्रीमती बनाएर प्रायश्चित नै भोगेको छु। त्यो कर्समा होला अर्के कुरा हो।

▩ गीत र कवितामा के फरक देख्नु हुन्छ ?

卐 संक्षेपमा गीत कविताको निचोड हो। अर्को शब्दमा धेरै श्रोताले सुन्दैमा बुझिने कविताने गीत हो। समग्रमा लयात्मक, गेयात्मक र सरल प्रस्तुति, स्वच्छन्दता (Romance) नै गीतका विशेषता हुन्। स्टेज, सङ्गीत, सञ्चार, श्रोता, प्रतिक्रिया आदि सफल गीतको अग्नी परीक्षा भएको र एउटा संपादकको सामान्य दृष्टिमा सकारात्मक बन्दैमा कविता छापिने र कवि बनिने हुँदा कवि भन्दा गीतकार बन्न निकै दुलंभ देख्छु।

▩ यत्रो फूलको माली बन्नु भएको, यसप्रति (उद्यान) बढी शौखिन बन्नुमा के रहस्य छ ?

卐 हरेक कलाकार (जस्तैः– तपाई पनि) प्रकृतिको पारखी र प्रेमि हुन्छन् र म पनि एक कलाकारको नाताले फूलप्रति बढी शोख छ र केही शिक्षा पनि पाएको छु। यो बाहेक झरनाको कलकल आवाज प्रकृतिको सौन्दर्य छटा कोठामा टाँगीएको पेपरवेट चराको बोली, १७ वर्षे चिसो युवतीको अनारमुखी दांत भित्रबाट खोलिने स्व–स्फूर्त मुक्त-कण्ठको लहर मेरा शोखका विशेषताहरू हुन्।

▩ आफ्नो आनन्दको क्षण तपाईलाई कुन हो र बढी मनपर्ने बाजो ?

卐 मीठो बाजाको लयमा आफै खेल्नु वा अरू खेलेको आवाज र धून सुन्नु मेरो आनन्दको क्षण हो। सबै बाजाहरू गीतका गहना हुन् संस्कृतिका जीवनशैली हुन्। सबैमा आ-आफ्नै महत्व छ। तर मलाई बढी मन पर्ने Flutel बासूरी भित्र लुकेको सुरीलो स्वर हो।

▩ आफ्नो सङ्गीत र रचना राम्रो देख्ने र अरूको नदेख्ने स्वार्थी स्वभाव प्रायः गीतकार सङ्गीतकारमा हुन्छ भन्छन् के सत्य हो ?

卐 नराम्रोलाई राम्रो भनी पैसा प्रलोभन र स्वार्थको जालोमा पनि नफस्ने र राम्रोलाई नराम्रो भनी प्रतिभाको भ्रूणहत्या गर्ने अपराधी बन्ने मेरो स्वभाव नभएकोले गीत, गजल र कविता सबै राम्रा हुन्छन् र गीत मात्रै उत्कृष्ट हुन्छ भन्दिन, साथै मुस्लिम, हिन्दू, र पाश्चात्य भनी भेदभाव पनि गर्दिन। कतै गजलले मन जीत्छ भने कतै कविता र गीतले पनि। आकूल व्याकूल तीर्खा चीसो पानीले जति तृप्त हुन्छ त्यति दूध र महीबाट

सम्भव होला र ? यसैले गीत, सङ्गीत, कविता, र गजलको भावको मर्म बुझ्न नसक्ने फुच्चेले जाँचकी मण्डलीको नेताहुँ भन्दै तालुमा जुँघा मसार्नु समुन्द्रलाई एक घुड्कोमा पिउनु बराबर हो । म यसैले आपनो अर्काको भनी पक्षपात र भेदभाव किन राखूँ ?

जबकी सन् १९८८ मा १० औं देशहरू क्रमशः (नेपाल, थाइलैण्ड, चाइना, अष्ट्रेलिया, भारत, पाकिस्तान, फिलिपिन्स, हलैण्ड, अस्ट्रिया, मलेसिया आदि) सम्मिलित बेवालालपुरको सङ्गीत सम्मेलनमा अ. रा. निर्णायक मण्डलीमा छानिई पवित्र र निस्पक्ष निर्णय दिने सौभाग्य पाएको थिए । यसैगरी गीत र सगीतको सिलसिलामा भारत, पाकिस्तान, श्रीलंका, निदरलैण्ड, जर्मनी, फ्रान्स, इटाली लगाएत धेरै मुलुकहरूको सङ्गीत र गीत विद्यालाई अध्ययन गर्ने मौका पाएको छु । यसैले राम्रोलाई नराम्रो बनाएर आफू घट्नु भन्दा राम्रोलाई अझ राम्रो बन्ने प्रेरणा दिएर यस क्षेत्रलाई उदाहरणीय बनाउनु मेरो नैतिक दायित्व सम्झन्छु ।

▒ सङ्गीतकार र गाउने (स्वर सम्राट)ले रचनाकारलाई पछाडी धकेल्छन् भन्ने सत्य हो ?

卐 त्यसो भए ४०० वर्ष पुराना पछिल्ला मुगल सम्राट बादशाह जफर गालोब जस्ताका गजलहरू आज पुनः किन रेकर्ड हुन्थे र ? जबकी सङ्गीत र स्वरको कुनै महत्त्व नै छैन । यसैले मेरो दृष्टिमा गीत र सङ्गीतको लागि रचनाकार नै प्रथम राजा वा देवता हो । रचनाकारका रचनाहरू राम्रा भए मरेपछि पनि पुनः गाइन्छ खोजी खोजी, तर सङ्गीत र स्वरलाई कसले सोध्छ यसैले संगीतकार र स्वरभन्दा रचनाकार तल छ भन्नुमा म असहमत छु ।

▒ नयाँ पिढीलाई माथी नउठाउन संगीत नदिने र गीत नराम्रो छ भनेर कलंक र दोष लगाइ पठाउने भन्छन् के होला ?

卐 संगीत, स्वर र रचना पेशामात्र नभएर कलाको साधना हो । यसलाई आत्मबल र विश्वासमा लिनुपर्छ र सफलता पाइन्छ, तर एकैरातमा पैसा, प्रलोपन देखाएर गीतकार बन्न खोज्ने आडबरीलाई संगीत नदिंदा माथि उठाउन नखोज्ने भन्ने कलंक र संगीत दिए पैसामा बिक्यो भन्ने अर्को डर अब के गरेर राम्रो र के गरेर नराम्रो हो । थाहा छैन । यसमा पनि म अक्सर नयाँ पिढीसंग त्यति परिचित छैन तर राम्रा शब्दहरू जन्माउने र संगीत भर्ने नै हाम्रा सच्चा उत्तराधिकारी हुन् भन्ने विश्वास छ । यसैले अर्कालाई उठाउन नखोज्ने भन्ने मेरो छवी बिगार्नेको मिथ्या कुरा मात्र हो ।

▒ तपाईको भावी जीवन प्रति कस्तो आशा छ ?

卐 म भावीमा विश्वास गर्दिन र मरेपछि स्वर्गमा गइन्छ भन्नेमा पनि आशा राख्दिन, जीवितमै जे पाउँछु त्यसैमा सन्तोष छ र भोलीको जीवन प्रति आशा छैन र मरेपछि पाउने श्रद्धामा पनि सन्तोष ठान्दिन ।

▒ तपाईका जम्मा गीतहरूको संख्या र बढी मनपर्ने गीतहरू (चलचित्रमा समेत) ?

卐 कसैको करकाप र कन्ट्राक्टमा नपरी लेख्दिएका गीतहरू बढी मनपर्छ । यसरी छनौट गर्दा- (क) चुमेर पाना भरी यति म लेख्दिन्छु- प्रतिक्रिया बाचाहरू जानेजति लेख्दिन्छु (ख) गल्ती हुज्जार हुन्छन् यहाँ होस हराएको बेला, एक्लै तिमी

नआऊ याहाँ म मातिएको बेला (ग) जीवनदेखि धेरै धेरै नै बाकेर, मसूर्दा भएको तिमी आज हेर (घ) बनेकोछ पहराले यो छाति मेरो, बगेकोछ छहराले रगत मेरो–आदि । मोटामोटी करिब २५० गीतहरू होलान्. ती मध्ये रेकर्ड हुन बाँकी– ३,४ दर्जन छन् । कुन गीत राम्रो र कुन नराम्रो भन्नु आफ्नै रक्तबीज बाट जन्मेका छोराछोरीलाई काखा र पाखा गराउनु हो, यसैले मेरो लागि सबै गीतहरू उत्तिकै महत्वपूर्ण छन् ।

▩ तपाईं नेपालमा सफल गीतकार, संगीतकार कसलाई ठान्नु हुन्छ ?

卐 म अरूलाई तलमाथि राखेर चिनिनु भन्दा मौन रहन चाहन्छु, को राम्रो र को नराम्रो छुट्टाउने जिम्मेवारी तपाईंकै पत्रिका मार्फत श्रोताहरूलाई जिम्मेवारी दिन्छु ।

▩ प्रज्ञाप्रतिष्ठानको निष्पक्षता प्रति तपाइको धारणा कस्तो छ ?

卐 प्रज्ञाप्रतिष्ठान, रेडियोबाट सञ्चार, टि.भी. बाट दृश्यजस्तै, प्राज्ञकला, र संगीतका अग्रणी शीखर-हरूलाई चयन गरी देशमा त्यस क्षेत्रमा अधिक स्तर बढाउन अभियान चलाउने पवित्र संस्था हो । त्यसैले अरू संगै चयन भएर म पनि जानैपर्छ भन्ने मेरो धारणा हेन । बाहिरबाट पनि मैले केही मेरो क्षेत्रमा गर्नु आफ्नो नैतिक जिम्मेवारी ठान्छु र त्याहा जाने प्राज्ञले पनि पैसा, मानवीय स्रोत र साधनको अभावमा चाहेजति गर्न नसकेका पनि होलान् । यसैले त्याहाँ जाने प्रति हार्दिक स्वागत छ र आफ्नो कर्तव्य विचलित नभई पवित्र काम गर्न हार्दिक अनुरोध पनि छ ।

तर यदाकदा नाटक, कविता र अन्य प्रतिभा प्रदर्शनमा नौलो जाँगर र जोश लिएर आफ्ना प्रतिभा प्रस्तुत गर्न कतिपय युवाहरूको रचनालाई दर्ता मै छिपाएर पवित्रमा आँच आउने भाटे निर्णय संग आफ्नै चाप्लुसीबाजहरूलाई समर्थन गरिन्छ भन्ने पनि सुनिन्छ यदि यस्तो हो भने प्र. प्र. को पवित्रता यो होइन । किनभने हरेक यो देशका प्रतिभाशाली र सिर्जनशील युवाहरूको आफ्नो सिर्जनाको कौशल प्रदर्शन गर्न समान अधिकारको सार्वजनिक प्राज्ञ धरहो, तर आफ्नो हाब–नाता र तथास्तुमा भजन गाउने भजन मण्डलीलाई प्रति-स्पर्धामा उत्कृष्ट ठहराई पुरस्कार दान, उपहार दिने चलो होइन यस्तो सुन्दा दुःख पनि लाग्छ, तर के गर्ने ?

▩ कर्ते पुरस्कारबाट आफ्ने चयन पनि हुनु भएको छ कि ?

卐 श्रोताहरूको न्यानो माया तथा मिठो उत्कण्ठा देखि तारीफनं मेरो साधनाको अर्थमा सच्चा पुरस्कारको चयन हो र मेरो लागि सफलता पनि । कुनैपनि सच्चा देशभक्तको लागि देशको लागि यति गर्नु राम्रो र पुरस्कार पाउने मापदण्ड हुँदैन र राम्रोको पनि सीमा हुँदैन । यसैले म पाउने आशमा पछि लागेर महको कचौराभा माछो पस्ने मृगतृष्णामा दौडनु भन्दा बाहिर बसेर केहि गर्नु मेरो नैतिक कर्तव्य र जिम्मेवारी ठान्छु र त्यो पुरस्कार चयन हुने स्तरको म मानिस पनि होइन र मैले देशलाई पो के दिन सकेको छु र ? अरू स-साना पुरस्कारको के मूल्यांकन गरौं ?

प्रस्तुती
हेमराज पाण्डे
लालगोपाल सुवेदी

कविता

मेरीको, तोयोसी, चीयोको

–अनु. लक्ष्मी पन्त

एक अर्कामा असल बन र कडा परिश्रम गर ।
तिम्रो आमालाई मद्दत गर । म धेरै दुःखी छु
तर मैले केही गर्न सक्तिन ।
मलाई यस्को कारण थाहा छैन
अब पांच मिनेट बांकी छ
मैले अरू प्लेन पाउन सक्दिन ।
कृपया इश्वर मलाई मद्दत गर ।
सोच त गए रातीको खानाको समय नै हाम्रो
भेटको अन्तिम समय थियो ।
बिस्कोटम भएर धुवां
प्लेनको क्याबीन भित्र आएको देखिन्छ ।
यहांबाट अहिले के होला ?
तोयोसी, म तिमीलाई बिश्वास गरीरहन्छु ।
आमा ! (श्रीमती) तिमी सोच !
कहिले यस्तै यस्तै भैदिन्छ ।
यो धेरै नराम्रो भयो ।
बिदा !!
कृपया परिवारको राम्रो हेरबिचार गर ।
अहिले साढे ६ बजेको छ ।
प्लेन चारैतिर घुमीरहेको छ र
छिटै नै ध्वस्त हुँदै छ ।
म हाम्रो सुखी जीवनको लागि कृतज्ञ छु ।
मैले अहिलेसम्म आनन्द लिएको छु ।

– हिरोत्सुजु कावागुची (५२ वर्ष)
जापान एयरलाइन्स जम्मोजेट
१२ अगष्ट १९८८

लघुकथा

साहित्यकार

नवोदित लेखकका लेख रचना पत्र पत्रिकाहरूमा प्रकाशित हुंदा सबै क्षेत्रबाट वाह वाह... आएको थियो । यसबाट उसमा अझ उत्साह बढ्यो । उसले कवि गोष्ठी तथा अन्य साहित्यिक कार्यक्रमहरूमा पनि भाग लिन थाल्यो । फलस्वरूप उसले विभिन्न पुरस्कारहरू पनि पायो, मानौं अब ऊ प्रतिष्ठित साहित्यकारको रूपमा चिनिन थाल्यो ।

एकदिन साहित्य प्रकाशन गर्ने क्रममा एउटा पत्रिकाको सम्पादक कहाँ गयो । आफ्नो रचना सम्पादकलाई देखाउँदै भन्यो यो अब आउने अङ्कमा जाओस..। सम्पादकले भन्यो तर मैले भनेको त, होइन यो । "साहित्यकारले बीच मै कुरा काटेर भन्यो– ए. ... त्यो... ! हेर्नुसन लेख रचनाको लागि घरमा यतिकै आउँछन् सम्पादकहरू । कसलाई के कसलाई के हेरान भई सक्यो । तपाईले भनेको दिन सकिन ।

"तै पनि तपाईले भनेको विषयमा... । म यही नै बसेर लेखि दिन्छु" । साहित्यकारले एक पन्ना कागजमा फटाफट आधा पेजको लेख लेखी सम्पादकलाई दियो । साहित्यकारको यस्तो छरितोपन देखेर सम्पादकलाई झोंक चल्यो— "होइन यो त अएननि कमसेकम... भन्दै तामिलमा राख्न खोज्यो । साहित्यकारले आफ्नो अडानलाई कायम राखी पहिले के कुरा दोहोऱ्याउ । र कोठा बाहिर निस्क्यो ।

साहित्यकारको यस्तो दृढ आत्म बिश्वास र अडानलाई देखेर सम्पादकले उसको प्रशंशा गर्दै भन्यो– यहाँ कस्तो आशु साहित्यकार हुनहुंदो रहेछ !

– ध्रुव शाही

आमा ! तिम्रो नाम

– श्रीकृष्ण गौतम

नामै कति मिठो छ आमा– वर्ण, वर्ण, मात्रा, मात्राबाट तपतप अमृत रसाएको जस्तो । आमा भन्ना-साथ आफ्ना सारा दुःख-दर्द र पीडाहरू शून्यमा विला-उँछन्– आमाको मायाका सुपुत्र कुपुत्र जे जस्ता छौं हामी सबै छौं । उनको मायाले नजरबाट कहिले पनि ओझेल परेका छैनौं । तर आफ्नै कर्मको बोझले, आफ्नै अपराधले आफ्नै मलिनो कलुषित मनले गर्दा उनीबाट टाढिएँ कि, भन्ने झस्कौ पर्दा केही कुराले अतालिएको बच्चाले पुकारेजस्तै 'आमा' 'आमा' भनेर बोलाएमा 'नडराउ छोरा ! यही छु म तँसंग, तँ भित्रै छु भनेकी छन् जहिले पनि । चोखो मनले गरेको पुकार सुन्न आमा कहिल्यै बहिरी भएकी छैनन् । कोटि-कोटि ब्रह्माण्डमा आमा व्याप्त छन् भने– उनी कहाँ छैनन् भन्ने यो दृष्ट-अदृष्ट सृष्टिनै उनी हुन् भने उनको नाम के हुँन भन्ने । तैपनि आमाका अति प्रचलित नामहरूमध्ये एक दुइ नामको अर्थ यहाँ दिने प्रयास गरेको छु । आमाका पाउमा अविचल अनुराग राख्ने भक्तहरूले नाम स्मरण गर्दा, आमाको पूजा अर्चना गर्दा अझ बढी आनन्द पाउँले छन् ।

१ दुर्गा

आमाको सबभन्दा बढी चलेको नाम हो– दुर्गा 'दुर्गम' असुरलाई मारेपछि भगवतीको यो नाम प्रख्यात भएको हो । (१) 'दुःखेन गम्यते ज्ञायते इति दुर्गा । बडो परिश्रम कष्ट र साधना पछिमात्र जसलाई जान्न सकिन्छ पाउन सकिन्छ । 'दुख, कष्ट, आति गमयति इति दुर्गा' जसले दुःख कष्ट आपत्ति दूर गर्छिन् ।

त्रिपुरांश समुद्भूता दुर्गा देवी महेश्वरी
देवानां दुर्गत स्त्राणाद् दुर्गेति परिकीर्तिता
दुरितं गच्छति स्मृत्या तस्माद् दुर्गा प्रकीर्तिता ।।
(त्रिपुरा रहस्य)

दुर्गतिबाट देवताहरूको रक्षा गरेकी हुनाले र दुर्गाको सम्झना मात्रले पनि दुःख कष्ट काटिने हुनाले दुर्गा ।

चण्डी, चण्डिका, काली कालिका, कौशिकी आमाको अति प्यारो प्रचलित अर्को नाम हो चण्डी । शुंभ-निशुंभ दैत्यबाट पराजित भई स्वर्ग-बाट लखेटिएका र कहीं पनि त्राण नपाएका देवताहरू हिमालयमा गई जगदम्बाको स्तुति गरे-पछि जगदम्बा आद्या परा भगवती प्रसन्न भई देवी पार्वतीलाई देवताहरूको कष्ट हरण गर्न

२ कात्यायनी

दक्षिणकाली– साधना मार्गमा लागेका पथिकले अर्का साधकले बुझ्न नसकेको कुरा बुझाइदिनुपनि पर्छ– तर सिकाऊ साधकको अवस्था राम्रोसङ्ग बुझेरमात्रै। सार्वजनिक रूपमा प्रकाशित हुने लिखितमा त अझ अझ डराउनुपर्छ– दुइवारे तरवाल हो शक्ति साधना–अधिकार नभएको व्यक्तिलाई गोप्य कुरा बताएमा बताउने साधकको ज्यानै जान सक्छ वा नभए ऊ बहुलाउंछ। त्यसैले दक्षिणकाली जस्तो जागृत शक्तिपीठको रहस्य जति थोरै म जान्दछु त्यो पनि लेख्न सक्तिन। दक्षिणकाली संबन्धी एउटा पुस्तक पनि प्रकाशित भएको छ, त्यसमा पनि केही महत्त्वपूर्ण कुराहरू छन्।

काली नै भने पुग्नेमा दक्षिणकाली किन भन्ने? एक पटक मैले यही प्रश्न खप्तड स्वामीसङ्ग सोध्ने साहस गरेको थिएं। बडो शिष्टतापूर्वक उहाँले टार्नु भयो। तर आमाका नामहरूको रहस्य खोल्न बसेपछि मैले उनकै अनुमतिले एक दुई कुरा स्पष्ट गरिदिन्छु।

(१) दक्षिण दिशाको स्वामी काल अर्थात् यम हो। आमा दक्षिणकालीको आराधना गर्ने साधकलाई देख्ने मात्रै पनि ऊ टाप कसेर भाग्छ– त्यसैले दक्षिणकाली। यिनका सहयोगी शिव कालका पनि स्वामी महाकाल हुन्। दक्षिणकालीको साधकको अनुमति नलिईकन काल उसको छेउमा पनि आउन सक्तैन।

(२) छ आम्नायमध्ये दक्षिण आम्नाय– स्थितिरूपको हो र त्यसको मुख्य नायिका अधिष्ठात्री देवी यी नै भएकीले दक्षिणकाली भनिएको हो।

नन्दा – कात्यायनी, विन्ध्यबासिनी – काली, नवदुर्गा नारायणानुजा। कृष्ण जन्माष्टमीको दिन काली जन्माष्टमी पनि हो। जून दिन मथुरा कारागारमा बसुदेव– देवकी कहाँ कृष्ण प्रकट भएथे, त्यही दिन नन्दको घरमा यशोदाको गर्भबाट नन्दा भगवती जन्मेकी थिइन्। कृष्णलाई यशोदा माईको काखमा सुताएर बसुदेवले नन्दा भगवतीलाई मथुरा कारागारको आफ्नो थुनुवा कोठामा पुऱ्याउनासाथ मोहनिद्रामा परेका पालेहरू जागेर बसुदेवको आठौं सन्तान जन्मेको खबर कंसलाई सुनाउंछन्। कंसले भुइंमा पछारेकी भगवती आकाशमा पुगेर उसको काल जन्मिसकेको बताएर अलप हुन्छिन्। विष्णु वा कृष्णकै अंशबाट उनीपछि जन्मेकी हुनाले यिनको एउटा अज्ञात नाम हो नारायणानुजा, नारायणकी बहिनी। भगवान शङ्करकी गृहिणी उमा पनि विष्णुकै बहिनी हुन्।

यी भगवती नै फेरि यमुना किनारमा कात्यायन ऋषिको आश्रममा छोरी भएर बढ्छिन्। यिनको अर्को प्यारो नाम कात्यायनी हो।

कंसको निम्तो मान्न कृष्ण र बलराम मथुरातिर चलिसकेको थाहा पाएपछि कृष्णले आफ्नो दाजु अघासुर मारेको बदला लिन अन्धासुरका भाइहरू शुंभ र

विजया दशमी २०४९ को

पुनीत उपलक्ष्यमा समस्त देशबासीहरूमा

मङ्गलमय शुभकामना।

साझा प्रकाशन

निशुंभ– ठुलो सैन्य लिई नन्द बाबा र अरू गोपहरूलाई बांध्छन् अनि गाईबस्तु र धनसंपत्ति लुट्न सक्नेजति लुट्छन्, नसक्ने जति तोडफोड गरी नन्द बाबा र अरू गोपहरूलाई लतारो घिसारो लैजान्छन् । आर्त र विपत कृष्णकी माई यशोदा– कृष्णका अनुरागिनी गोपीहरू सहित कात्यायन ऋषिसङ्ग आश्रममा गुहार मागन धाउँछिन् ।

अनि कात्यायन ऋषिले कात्यायनी पनि भनिने नन्दा भगवती यशोदाकै गर्भबाट जन्मेकी हुन् भनी बताएर कात्यायनीको उपासना पद्धति सिकाइदिन्छन् । आफ्नै आमा यशोदा र गोपीनीहरूको साधनाबाट प्रसन्न भएकी कात्यायनी अर्थात् नन्दा आफ्नो बाहन सिंहमा चढी ती दुष्ट असुरहरूलाई पछ्याउँदै गई यमुना किनारमा तिनीहरूलाई भेटी आठ दिनसम्म भयंकर युद्ध गर्छिन् र नन्द बाबा र अरू गोपहरू तथा गोधन छुटाउँछिन् । नन्दा कात्यायनीबाट भयभीत भएका शुंभ निशुंभ ज्यान बचाउन विन्ध्याचलको गहन बनमा पस्छन् । नन्दा कात्यायनी भगवती ती दैत्यहरूलाई पछ्याउँदै पछ्याउँदै विन्ध्याचल पुग्छिन् र शुंभ निशुंभलाई त्यहीं मार्छिन् र त्यहीं विन्ध्याचलमै बस्छिन् । यसरी नन्दा कात्यायनी नै विन्ध्यवासिनी हुन्छिन् । विन्ध्याचलको बनमा बसेकी हुनाले यिनैलाई बनदुर्गा पनि भन्दछन् ।

उपावती

पर्वतराज हिमालयलाई कुनै पनि सन्तान नजन्मिंदा चिन्तित भएर देवर्षि नारदसङ्ग सोध्छन्– तिम्रो भाग्यमा एक त सन्तान नै छैन भए पनि बडो तपस्या पछि एउटासम्म छोरी जन्मिन सक्छिन्- त्यसको लागि तिमीले गौरीको उपासना गर्नुपर्छ भन्छन् र उपासना विधि पनि सिकाई दिन्छन् । नारदको अर्तो मानी पत्नी मैना सहित हिमालय गङ्गाजीका तटमा गई पातमात्र खाई बाह्र वर्षसम्म गौरीको तपस्या गर्छन् । दक्ष यज्ञमा आफ्नो देह भस्म गरिसकेकी अशरीरिणी सती नै गौरी हुन्, यी नै शिवा हुन् । गौरीले हिमालयको तपस्याबाट प्रसन्न भई तिमी के चाहन्छौ भनी सोध्दा उनले सन्तान माग्दछन् । "तिमीलाई एउटी छोरी जन्मिनेछ" भनी वर दिन्छिन् गौरी ।" छोरी नै पाउनुछ भने परमेश्वरी आफै नै मेरी छोरी भएर जन्मि दिनु पर्‍यो भनी वर माग्छन् हिमालय । आफुले अब शरीर नै ग्रहण नगर्ने निधो गरेकी हुनाले हिमालयको इच्छा पुऱ्याउन नसकिने भन्दै गौरी अन्तर्ध्यान हुन्छिन् ।

निराशा भएका हिमालयले बडो दरो मन गर्दछन् र सय वर्षसम्म पानीमात्र खाएर, अर्को सय वर्षसम्म हावामात्र लिएर कठोर तपस्या गर्छन् । यति गर्दा पनि गौरी प्रसन्न नभएपछि बटवृक्षको हांगामा सयवटा डोरीले आफुलाई बांधी गोडा माथि शिर तल गरी झुण्डिन्छन् । तल मैनाले मूढा बाली आगो दन्काइरहन्छिन् र हिमालय आगो र धुवां सहेर कठोरतम तपस्या गर्न थाल्छन् । एक वर्ष बितेपछि एउटा डोरी चुंडाल्दै जान्छिन् । आखिरी डोरी चुंडालेपछि उनी पनि आफ्ना पतिसङ्ग अग्निप्रवेश गर्ने हुन् । उनान्सय वर्ष पनि यसरी घोर तपस्या गर्दै बित्यो । तपस्याको सयौं वर्ष लागेपछि हिमालयको शिरबाट तपस्याको प्रबल तेजयुक्त अग्नि र धुवां निस्कियो र सम्पूर्ण स्वर्ग लोक ढाक्दै देवताहरूलाई आकुल व्याकुल पार्‍यो । किन यस्तो भयो भनी उनीहरू जान्दथे । गिरिराज हिमालयले जे दुर्लभ वर चाहन्थे त्यसबाट देवताहरूकै हित हुने थियो । गिरिराजको पहिलो तपस्या निष्फल भइदिंदा उनिहरू दुःखी भएका थिए । सय वर्ष तपस्याको यो अन्तिम वर्ष पनि हिमालयले अभीष्ट वर पाएनन्

भने देवताहरूलाई नै अति ठूलो आघात पर्नेवाला थियो । आकुल व्याकुल हुँदै देवराज इन्द्र आदि ब्रह्माजी-कहाँ धाए । देवताहरूलाई अभय दिँदै ब्रह्माजी उनीहरू-लाई सङ्ग लिएर भगवान् विष्णुकहाँ पुग्नुभयो । विष्णुलाई अघि लाएर सबै गिरिश हिमालयको तपस्या स्थलमा गए । हिमालय पत्नी मेनाबाट फेरि तपस्याको उद्देश्य सुनेपछि भगवान् विष्णुले स्तुति गरि अशरीरिणी शिवा गौरीलाई प्रसन्न गराउनु भयो- आद्यापरा भगवतीको आज्ञा स्मरण गराउँदै- गौरीले शरीर धारणा नगरेमा- सृष्टि स्थिति संहारको काम रोकिनेछ भन्नु भयो । बल्ल गौरी देवी हिमालय अगाडि प्रकट भइ "वर माग" भन्नु भयो । उनले छोरी रूपमा तपाईलाई नै पाऊँ भने । हिमालयलाई देवी तत्त्वको उपदेश दिएर गौरीले आफु उनको छोरी भई जन्मेपछि उनलाई- आफ्नो छोरी साक्षात् गौरी देवी हुन् भन्ने स्मृति रहनेछैन भन्नु भयो । पर्वतराज हिमालयकी पुत्री भएकी हुनाले पार्वती, शैलपुत्री, गिरिजा, गिरिराजसुता नाम रहन गए । कन्याको नामकरण संस्कारमा उनको नाम गौरी नै रहन गयो

शुक्ल पक्षका जुन झैं बढ्दै गएकी पार्वतीले आमा बाबुको मन आनन्दित तुल्याउँदै-यौवनमा पाइला टेकिन् । आफ्नो प्राणप्यारी छोरी कसलाई दिनेहोला भनी सोच्न गिरिराजले गर्ग ऋषिलाई डाके । एकछिन एकाग्र भएर ध्यान गर्दा गर्गाचार्यले- हिमालयकी छोरी साक्षात शिवा गौरी हुन् भनी जाने र उनका लागि एकमात्र वर भगवान् शिव नै हुन सक्ने कुरा खुल्ला बताए । गर्ग ऋषिका वचनले हिमालयको पनि पूर्वस्मृति जाग्यो र उनले आफ्नो त्यो अघोर तपस्या र गौरी देवीको वरदान सम्झिए अनि छोरीको हात महादेवलाई नै सुम्पिने अठोट गरे ।

अब आए नारद, गौरीलाई हेर्न । कसलाई दिँदछौ यस्ती राम्रो छोरी भनी सोध्दा भगवान् शिव-लाई दिने विचार गरेको सुनेपछि नारदले दिगम्बर, श्मशानवासी भूतप्रेतादिसेवित शिवको अनेक बरुवाई गर्दै सर्वलक्षण संपन्नता यस्ती छोरीको लागि विष्णुमात्र योग्य वर हुनसक्ने कुरा बुझाउँदै- आफै भगवान विष्णुकहाँ गएर पार्वतीको पाणिग्रहण गर्न विष्णुलाई मन्जुर गराउने कुरा सुनाए ।

नारदका चतुर वचन सुनेपछि गिरिराज हिमालयले आपवश फेरि आफ्नो तपस्या र गौरीको वास्तविक रूप बिर्सि अनि भगवान् विष्णुसङ्ग छोरी पार्वतीको विवाह छिटो भन्दा छिटो टुंग्याउन नारद-मुनिलाई आग्रह गर्न थाले ।

भगवान् शिवबाहेक अरू कसैलाई पति स्वीकार नगर्ने निश्चय गरेकी पार्वती बुबाको कुरा सुनेर दिग्दार दिग्दार भइन् र चार जना सङ्गिनी साथ लिएर घोर बनमा पसिन । त्यहाँ गङ्गाजीको किनारमा पुगी केही वेर विश्राम गरिन् । अनि आद्यापरा भगवती महात्रि-पुरसुन्दरीको मूर्ति घासपातले बनाई विधिपूर्वक अनेक सामग्रीले पूजा गरिन् । पार्वतीले बनाएको- महात्रि-पुरसुन्दरी भगवतीको तृणमयी मूर्ति र त्यसको पूजा परंपरा नै "गौरी पूजा"को रूपमा मध्यपश्चिमांचल र सुदूर पश्चिमांचलमा बडो भक्ति र उल्लास पूर्वक आजसम्म पनि अनुसरण गरिँदैछ ।

अर्को दिन बिहान "ज्ञानकालिका" नामक स्तोत्र रची आद्यापरा भगवतीको स्तुति गरिन् । शक्ति साधनमा यो ज्ञान कालिका जस्तो भावपूर्ण रसिलो र गहन स्तोत्र अर्को छैन । साक्षात् परमेश्वरी पार्वतीले रचेको स्तोत्र बराबर अरू स्तोत्र पनि किन हुन्थे र । पार्वतीको आराधनाबाट प्रसन्न भई आद्यापरा भगवती

त्यहाँ प्रकट भइन् र पार्वतीको अभीष्ट प्राप्त हुने र पार्वती रचित ,'ज्ञानकालिका!' स्तोत्र पाठ गर्नेप्रति भगवती अति शीघ्र प्रसन्न हुने वर दिई अन्तर्ध्यान भइन् । तृणमयी त्यस प्रतिमाको पुनः पूजा गरी गौरीले गङ्गामा लगी सेलाइन् ।

यता प्राणभन्दा प्यारी छोरी हराए पछि हिमालय मूर्छित भए । खोज्दा खोज्दा आखिरमा पार्वती फेला परिन् तर– शिव बाहेक आफुले अरु कसैलाई पति स्वीकार नगर्ने अठोट बताइन् र आफ्नो बाजु विष्णुसङ्ग विवाह गर्ने नमिल्ने कुराको रहस्य पनि खोलिन् । त्यही कुरा जनाउने नाम हो नारायणानुजा ।

छोरीको वियोगले व्याकुल भएका, हिमालयले पार्वतीको कुरा माने । अनि बडो खुशीले घर ल्याइ-पुऱ्याए । यता छल्याहा, उत्पाती नारद हिमालयकहाँ पुगेर– भगवान् विष्णुले पार्वतीसङ्ग विवाहको लागि स्वीकृति दिएको कुरा बताउछन् । आफ्नी छोरीले भगवान् शिवसङ्गमात्रै विवाह गर्ने प्रतिज्ञा गरेकोले विष्णुसङ्ग विवाह गरिदिने कुरा थाहा पाएपछि रिसाएर पार्वती वनमा गई लुकेको, शिवजीलाई मात्र पति वरण गर्छु भन्दा आफु मन्जुर भई घर ल्याएको हुनाले– अब छोरीको विवाह शिवसङ्ग मात्रै हुने कुरा– बारंबार क्षमा माग्दै नारदजीलाई त्यही बेहोरा भगवान् विष्णुलाई भनिदिन विन्ती गर्छन् । उग्र रिसाएका नारदजीले विष्णुका पार्षद विजय आदिलाई बोलाउछन् । उनीहरूले गिरीराज हिमालयलाई पाता फर्काई बाँध्छन् र पार्वतीलाई घिसारेर लैजान सुर कस्छन् । पर्वतराज हिमालयलाई बाँधेको पार्वतीलाई लतारेर लैजाने सुर कसेको देखेर पार्वतीकी आमा मैना र परिवारजनहरू असहय भई कोकोहोलो विलाप गर्न लाग्छन् । मैना र पार्वती कैंदैकैंदै पर्वतहरूका कुलगुरु कश्यप ऋषिकहाँ गुहार माग्न जान्छन् ।

ऋषि मुनिहरूलाई देउताहरूले पनि छल सक्दैनन् । कश्यप ऋषिलाई पनि हिमालय कन्या पार्वतीको हुन् भनी थाहा थियो "हे गौरी मलाई झुक्याउन साधारण स्त्रीजस्तै तिमी किन रुन्छयौ" भनी पार्वतीलाई उनको देवी रूप याद दिलाएर कश्यप ऋषिले मैनालाई पनि हिमालयको तपस्या, गौरीको वरदान आदि सबै स्मरण गराउँछन् । अनि कश्यप ऋषिले पार्वती रूपधारिणी गौरीको स्तुति गर्छन् । प्रसन्न भएकी गौरी आफ्ना चार हातमा खड्ग, चर्म, त्रिशुल र मुद्गर लिई आफ्नो वाहन सिंहमा चढी निस्किन्छिन् । नारदलाई अब आफ्नो अपराध थाहा हुन्छ र उनले स्तुति गरी क्षमा माग्छन् । विष्णुका पार्षदहरू आउँदै गरेको देखेर भगवती गौरीले आफ्नो विग्रहबाट कालरात्री उत्पन्न गर्छिन् । मुखबाट ज्वाला निकालि रहेकी तिन शिर भएकी त्रिशुल र तरवार हातमा लिएकी भयंकर ध्वनि निकाल्ने गदामा रुढा कालरात्रिले पार्वतीको आज्ञापाई विष्णु समान बलशाली पार्षदहरूलाई आगाले पतेरालाई जस्तै भस्म गरिन् ।

यो वृतान्त सुनेर रिसाएका विष्णु गरुडमा चढेर हुँदै आए । अग्नि जस्तै रातो वर्णको मुखबाट ज्वाला निकालिरहेकी भयङ्कर कालरात्रिलाई देखे अनि क्रुद्ध भएर आफ्नो अति तेजस्वी चक्र प्रहार गरे । कालरात्रिले त्यसको प्रतीकारमा त्रिशुल चलाइन्– एकै छिनमा त्रिशुलले सुदर्शन चक्रलाई आगोले घांस ढाकाए जस्तै खरानी पारिदियो । विष्णुको अपराजित अस्त्र चक्र यसरी छिनभरमै भस्म भएपछि उनलाई खपिसक्न् भएन र क्रुद्ध भएर कालरात्रिको शिरमा जोडले गदा बजारे । त्यो चोटले बेही पनि नभए झैं गरी उन्ला

ओकल्ने कालरात्रिले फू: मात्र के गरेकी थिइन्– विष्णुका वाहन गरुड भस्म भए ।

अब कालरात्रिले विष्णुलाई कक्कक पर्न गरी समाइन् र निल्न लागिन् । देवताहरू ऋषि मुनिहरू विलाप गर्न लागे । आफ्नो बाजु विष्णुलाई निल्न लागिसकेको देखेपछि नारायणानुजा गौरीले च्याप्प कसेर कालरात्रिको गला समाइन् र भनिन- छोरी यही रीत नगर अनि मेरो बाजु विष्णुलाई ओकलिदेऊ । यिनी नभए संसारको रक्षा अरू कस्ले गर्छ ? कालरात्रिले विष्णुलाई ओकलिदिइन्– तर उनी सङ्गसङ्ग ज्वालामुखीको उत्तरमा रहेको विकराल ज्वाला पनि निस्क्यो । बेहोश विष्णुलाई पार्वतीले ज्वालाको परिधि बाहिर तानेर सुरक्षित गरिन् । तर ज्वाला झने चारै दिशामा फैलिन लागेको देखी– देवता र ऋषि मुनिहरू सबै त्रस्त भई पार्वतीको प्रार्थना गर्न लागे ।

"यो ज्वाला अहिले मत्थर मात्र हुन्छ शान्त हुँदैन र महाप्रलयको बेलामा पुनः उग्र हुनेछ । त्यतिबेला सम्मको लागि तिमी कालरात्रि र तिम्रो यो ज्वाला जसले गर्दा तिमी ज्वालामुखी नामले पनि जानिने छौ । अब यहाँ हिमांचलमा कालरात्रि भई बस, तिम्रो आराधना गर्नेका सकल इच्छा पूरा गर अनि महाप्रलयको बेला रुद्रको संहार शक्ति बनि संसार भस्म गरेपछि तिम्रो तुष्टि हुनेछ ।"

कालरात्रिलाई यस्तो अर्तो दिई भगवती गौरीले आफ्नो अमृतमय दृष्टिले विष्णु र उनका पार्षदहरूलाई सिंचन गरी जस्ताको तस्तै पारिन् ।

सुदर्शन चक्र नभई बल घट्न गएका विष्णुलाई मुर नामको दैत्यले हाँक दिंदा– विष्णुले यो कालरात्रि भगवतीको आराधना गरी प्रसन्न तुल्याए । पहिलेको चक्र भन्दा सहस्त्रगुण तेजिलो चक्र– आफ्नो त्रिशूलबाट निकालो कालरात्रिले विष्णुलाई दिइन् । 卐

होसियार, अर्जुनहरू !!

यदु पन्थ

अर्जुनका गाण्डिवहरू
शमीको रुखमा भकाए
भीमसेनको गदाको टप्पो पनि
नराम्ररी खियाले खाए
कहां गए कुन्नो ए कृष्ण पनि !
द्रौपतीको चीरहरण गरी
दुर्योधनहरूले
आकुल व्याकुल पारीसके ।

पितामह, नुन खाएं झनेर
कौरवमाथी अन्ध भक्ति देखाए
द्रोणाचार्य पनि अवसरवादी हुन्
एकलव्यको बुढो ओंठ कटाए
कौरवसङ्ग जोडदार हात मिलाए,

शकुनीहरू फेरी पनि पाशा पल्टाए
आफ्नै पक्षमा
कौरवलाई अझै माथी चढाए
युधिष्ठिर,
फेरी पनि सत्यवादी बने,
अर्कोचोटी पनि
भाइहरूलाई जङ्गल तर्फ धकेले,
होसियार, अर्जुनहरू !
होसियार, भिमसेनहरू !!
युधिष्ठिरको कठालो समाऊ
र उनलाई दरबारमा फर्काऊ
उठाऊ, गाण्डिव सुपार्श्व र गदाहरू
जाऊ एकचोटी फेरी कुरु क्षेत्रमा
फोर चक्रव्यूह
र लेउ तिम्रो
निर्विकल्प राज्याधिकार ।

रामापुर–५ रुपन्देही

✱

भने देवताहरूलाई नै अति ठूलो आघात पर्नेवाला थियो । आकुल व्याकुल हुँदै देवराज इन्द्र आदि ब्रह्माजी-कहाँ धाए । देवताहरूलाई अभय दिँदै ब्रह्माजी उनीहरू-लाई सङ्ग लिएर भगवान् विष्णुकहाँ पुग्नुभयो । विष्णुलाई अघि लाएर सबै गिरिश हिमालयको तपस्या स्थलमा गए । हिमालय पत्नी मेनाबाट फेरि तपस्याको उद्देश्य सुनेपछि भगवान् विष्णुले स्तुति गरि अशरीरिणी शिवा गौरीलाई प्रसन्न गराउनु भयो- आद्यापरा भगवतीको आज्ञा स्मरण गराउँदै- गौरीले शरीर धारणा नगरेमा- सृष्टि स्थिति संहारको काम रोकिनेछ भन्नु भयो । बल्ल गौरी देवी हिमालय अगाडि प्रकट भइ "वर माग" भन्नु भयो । उनले छोरी रूपमा तपाईलाई नै पाऊँ भने । हिमालयलाई देवी तत्वको उपदेश दिएर गौरीले आफु उनको छोरी भई जन्मेपछि उनलाई- आफ्नो छोरी साक्षात् गौरी देवी हुन् भन्ने स्मृति रहनेछैन भन्नु भयो । पर्वतराज हिमालयकी पुत्री भएकी हुनाले पार्वती, शैलपुत्री, गिरिजा, गिरिराजसुता नाम रहन गए । कन्याको नामकरण संस्कारमा उनको नाम गौरी नै रहन गयो

शुक्ल पक्षका जुन झैं बढ्दै गएकी पार्वतीले आमा बाबुको मन आनन्दित तुल्याउँदै-यौवनमा पाइला टेकिन् । आफ्नो प्राणप्यारी छोरी कसलाई दिनेहोला भनी सोच्न गिरिराजले गर्ग ऋषिलाई डाके । एकछिन एकाग्र भएर ध्यान गर्दा गर्गाचार्यले- हिमालयकी छोरी साक्षात शिवा गौरी हुन् भनी जाने र उनका लागि एकमात्र वर भगवान् शिव नै हुन सक्ने कुरा खुल्ला बताए । गर्ग ऋषिका वचनले हिमालयको पनि पूर्वस्मृति जाग्यो र उनले आफ्नो त्यो अघोर तपस्या र गौरी देवीको वरदान सम्झिए अनि छोरीको हात महादेवलाई नै सुम्पिने अठोट गरे ।

अब आए नारद, गौरीलाई हेर्न । कसलाई दिँदछौ यस्ती राम्री छोरी भनी सोध्दा भगवान् शिव-लाई दिने विचार गरेको सुनेपछि नारदले दिगम्बर, श्मशानवासी भूतप्रेतादिसेवित शिवको अनेक बरणबाई गर्दै सर्वलक्षण संपन्नता यस्ती छोरीको लागि विष्णुमात्र योग्य वर हुनसक्ने कुरा बुझाउँदै- आफ्नै भगवान विष्णुकहाँ गएर पार्वतीको पाणिग्रहण गर्न विष्णुलाई मन्जुर गराउने कुरा सुनाए ।

नारदका चतुर वचन सुनेपछि गिरिराज हिमालयले आपवश फेरि आफ्नो तपस्या र गौरीको वास्तविक रूप बिर्सि अनि भगवान् विष्णुसङ्ग छोरी पार्वतीको बिवाह छिटो भन्दा छिटो टुंग्याउन नारद-मुनिलाई आग्रह गर्न थाले ।

भगवान् शिवबाहेक अरू कसैलाई पति स्वीकार नगर्ने निश्चय गरेकी पार्वती बुबाको कुरा सुनेर दिग्दार दिग्दार भइन् र चार जना सङ्गिनी साथ लिएर बोर बनमा पसिन । त्यहाँ गङ्गाजीको किनारमा पुगी केही वेर विश्राम गरिन् । अनि आद्यापरा भगवती महात्रि-पुरसुन्दरीको मूर्ति घांसपातले बनाई विधिपूर्वक अनेक सामग्रीले पूजा गरिन् । पार्वतीले बनाएको- महात्रि-पुरसुन्दरी भगवतीको तृणमयी मूर्ति र त्यसको पूजा परंपरा नै "गौरी पूजा"को रूपमा मध्यपश्चिमांचल र सुदूर पश्चिमांचलमा बडो भक्ति र उल्लास पूर्वक आजसम्म पनि अनुसरण गरिँदैछ ।

अर्को दिन बिहान "ज्ञानकालिका" नामक स्तोत्र रची आद्यापरा भगवतीको स्तुति गरिन् । शक्ति साधनमा यो ज्ञान कालिका जस्तो भावपूर्ण रसिलो र गहन स्तोत्र अर्को छैन । साक्षात् परमेश्वरी पार्वतीले रचेको स्तोत्र बराबर अरू स्तोत्र पनि किन हुन्थे र । पार्वतीको आराधनाबाट प्रसन्न भई आद्यापरा भगवती

सती त मलाई जानै पर्छ

– प्रमिला 'विरही'

सती त मलाई जानै पर्छ
मृत्युमा मेरो पतिको
हृदयको न्यानो स्पर्श छोडी
सन्तानको उज्यालो भविष्य त्यागी
सती त मलाई जानै पर्छ ।
भन्छन जान्छ्यौ कसरी सती
त्यो कोलाहल पूर्ण वातावरणमा
हिंडेर मृत पतिको साथमा
जगजगी त्यो आगोमा
हामफाल्छ्यौ कसरी त्यो रापमा
हुँदैन रे त्यहाँ हाम्फाल्न
बन्देज भं सक्यो सतीको
राणा चन्द्र सम्सेरको पालामा

तर
पत्नीले पतिदेवको निधनमा
सिउँदोको सिन्दूर मेट्नै पर्छ
हातको चुरा फोर्नैपर्छ
सेतो कपडा पहिरनै पर्छ
सामाजिक सनसनीमा बाँच्नैपर्छ
नजाउँ म सती कसरी ।
देख्न हुँदैन मानिस मलाई
गर्न हुँदैन शुभकार्य संसे
हिंड्न हुँदैन कतै पनि
मानिस हिंड्ने बाटोमा
सेतो साडी देखिएमा
काम उसको विग्रिन्छ रे !
कसैको कार्य थालनीमा
टीको नभा अनुहार नहेर्नु रे !
सेतो पहिरन नदेख्नु रे !
यस्तो सामाजिक परिबन्ध भित्र
कसरी बाँच्ने नारी विधाता !
सस्कृति बनाउँछौ तिमी आफै
अनी बिगाडौं फेरी किन ?
बाचुँ कसरी म यसरी
मानव समाजको अघिपरि
त्यसैले त म भन्छु
सती त मलाई जानैपर्छ
कानूनको विपरित लडेर होइन
आगोको लप्कामा पसेर होइन
सन्तानबाट बिछोडिएर होइन
सामाजिक बन्धनमा बसेर
पुरानन संस्कृतिलाई अङ्गालेर
आफुलाई आत्मसमर्पण गरेर
सतीत मलाई जानैपर्छ ।

– बुटवल

रिडी र राँची (हास्दै-रूँदै)

– ठाकुर शर्मा

बयोवृद्ध साहित्यकार टुकराज मिश्रले नेपाली साहित्यको फाँटमा एउटा फूल रोप्नु भएको छ । वि.सं. २०४८ सालमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित ऐतिहासिक उपन्यास रिडी र राँची (हाँस्दै-रूँदै) नौलो प्रयासको रूपमा देखिएको छ ।

उपन्यासकार मिश्रज्यूको आपनो जीवनको यो मात्र कृति हैन अन्य कृतिहरू प्रकाशित भएका छन् । २ दशक भन्दा पहिले वरिष्ठ साहित्यकारहरूको संगतमा नै हुनुहुन्थ्यो । फुटकर रचनाहरू यदा कदा देखिने गर्दथे । बीचमा शृङ्खला टुटेको जस्तो थियो पुनः यो ऐतिहासिक सशक्त उपन्यास लिएर उभिनु भएको छ । वहाँ निकटस्थ साहित्यकारमा बालकृष्ण समलाई बढी सम्झनु हुन्छ र साहित्य लेखनको प्रेरणा पनि दिनु हुन्छ । यो उपन्यास लेख्ने क्रममा अनेक साहित्यकारहरूको नाम आपनो मन्तव्यमा दिनु भएको छ "आपनो जागीरको सिलसिलामा र विभिन्न साहित्यकारहरू तथा राणा शासनको समयमा भोगे देखेका कुराहरू समावेश गरेको छु ।"

"बीर शमसेर पछि प्रधान मन्त्री भएका देव-शमसेर चार महिना पनि टिक्न सकेनन् । उनलाई धन-कुटा लघारेर प्राइमिनिष्टर हुने चन्द्र शमसेरको शासन २८ वर्ष सम्म रह्यो । तो पछिका प्रधान मन्त्री हुन्– भीम शमसेर, जुद्ध शमसेर, पद्म शमसेर र मोहन शमसेर । मैले चन्द्र शमसेर देखि मोहन शमसेरसम्म पाँच जना राणा प्राइमिनिष्टरले गरेको राजकाज पनि देखें । २३ वर्षसम्म राणा शासनताका सरकारी सेवा पनि गरें । यस अवस्थामा राणा परिवारको प्रत्यक्ष अप्रत्यक्ष नीति र त्यस बखतका राणा परिवारको चाल चलन पनि बुझ्न पाएँ । त्यसै आधारमा यो उपन्यास रचियो ।"

यो कुराहरू स्वयं उपन्यासकारले "ते हि नो दिवसाः" शीर्षकको मन्तव्यमा प्रकट गर्नु भएको छ । यसबाट स्वयंले भोगे देखेका कुरालाई साहित्यिक ढङ्गमा प्रस्तुत गरेर उपन्यासको रूपदिन सक्षम हुनु भएको छ ।

यो उपन्यास सर्वप्रथम पढ्न बस्दा कुनै इतिहास-को ठेली लिएर बसे जस्तो हुन सक्छ । मलाई पनि बहाँले यो किताब दिएर भन्नु भयो– यो आद्योपान्त पढेर आफूलाई लागेको कुरा व्यक्त गर्नु म कसरी यो सबै पढ्न सक्छु र ? फेरी म के भन्न सक्छु ! भन्ने लागेको थियो । तैपनि कोशिस गर्ने अठोट गरें धेरै दिन लगाएर पढें पहिलो चोटीमा सबै नबुझेर दोस्रो चोटी पढें र केही व्यक्त गर्ने जमर्को गरेको छु ।

यो उपन्यासलाई पढ्दै जाँदा इतिहास मात्र न भएर सम्पूर्णताको अनुभव हुन थाल्छ । पाठकको मन स्थितिलाई आकृतिर तान्दै लैजान्छ त्यहाँ केवल राणा शासनको पारिवारिक कुरा मात्र नभएर शासन,

व्यवस्था मानिसको चित्तवृत्ति, त्यस समयको वातावरण, वन, उपवन, प्राकृतिक-सौन्दर्य, प्रेम, स्वार्थ, खिचातानी, कुकृत्य, सुकृत्य, धार्मिकता आडम्बर, बोसल्यता आदि विभिन्न पक्षहरूलाई अत्यन्त सरल किसिमले व्यक्त भएको पाइन्छ। साहित्यकारको दृष्टि जहिले पनि फराकिलो हुनु पर्छ, हुन्छ नै। समाजमा भएका साना कुरा देखि बृहदकुरासम्म आफ्नो लेखनीद्वारा समाजलाई नै मार्ग दर्शन गराउँछ, जुन समाजले स्वयं भोगी रहेको हुन्छ तर ठम्याउन सकेको हुँदैन। लेखकले त्यो देखाइ-दिन्छ। यही विशेषता हो र साँचो साहित्य हो। अनेक विधाद्वारा लेख्ने चलन भए पनि लक्ष्य एउटै हो। विगतका कुराहरूले भावी पिढीको मार्ग दर्शन गराउँछ। आज लेखिएको साहित्यले वर्षौंसम्म पनि वर्तमानको अवलोकन गराइरहन्छ र मार्ग दर्शन गराइ दिन्छ तसर्थ साँचो साहित्य तीनै कालमा यथावत रहन्छ।

यो हाम्रो सामु आएको ऐतिहासिक उपन्यासले पनि त्यस समयको बोध गराएको छ, जुन समयमा राणा शासन थियो, उनकै परिवारको जगजगी थियो, जन-शक्ति एकातिर थियो, संचालन गर्ने शक्ति अर्कोतिर थियो भने शासकको रुपमा पहिले देखि मान्दै आएको शासक शक्ति निष्क्रय रुपमा विद्यमान थियो। जो देश-को साँचो शासक थियो उ संग जनता कहिल्यै निकट हुन पाउँदैन थियो। केही कुरा आफ्नो मालिकलाई सुनाउन पाउँदैन थिए। त्यस अवस्थाको चित्रण र अत्यन्त मिठो कुराहरू यस उपन्यासमा उपन्यासकार मिश्रज्यूले सरल एवं सरस शैलीमा देखाउनु भएको छ।

अर्कोर मात्र प्रकाशमा आएको यो बाहेक लेखक मिश्रज्यूका अन्य कृतिहरू पनि प्रकाशित छन् तर पनि धेरैले मिश्रज्यूको नाम नसुनेको हुन पनि सक्छ तसर्थ संक्षेपमा यहाँको विगततिर दृष्टि लानु आवश्यक छ। यस उपन्यासको पृष्ठभूमि पनि त्यही भएकोले चर्चा हुनु पर्ने म देख्दछु।

पहिले वि.सं. १९९६ सालतिर टुकराज + पद्मराजको नामबाट 'रजवन्धकी' निस्केको थियो। टुक-राज र पद्मराज सहोदर भाइ हुनु हुन्थ्यो धेरै समयसम्म संयुक्त रुपमा रचनाहरू निस्के। जसमा केही स्वतन्त्र अथवा एक जनाले लेखे पनि संयुक्त रुपमा नै प्रकाशित हुन्थे। सबैले संयुक्त रुपबाट चिन्दथे। यो कुरा स्वयं लेखकद्वारा प्रस्फुटित अंश हो। अहिले पद्मराज हुनु हुन्न। धेरै समयको अन्तरालमा पुनः यो उपन्यास मिश्रज्यूले साहित्यलाई अर्पण गर्नु भएको छ जो अत्यन्त महत्वपूर्ण रहेको छ। यो उपन्यास पढ्दै जाँदा जीवन र जगत् के हो? त्यसको पनि बोध हुन आउँछ तसर्थ यसलाई क्रमशः केलाउँदै जाने प्रयत्न गरेको छु।

यो उपन्यासमा ४५ वटा उप शीर्षक राखेर प्रत्येकमा एक न एक महत्वपूर्ण कुरा देखाउन खोजिएको छ। सबभन्दा महत्वपूर्ण चन्द्र शमसेरको महत्वाकांक्षा, देश सुधार गर्न चाहने देव शमसेरलाई राज्यच्युत गर्नु, जुद्ध शमसेरलाई रिङ्गी तिर लखेट्नु र समय अनुसार केही सुधार गर्न चाहने पद्मशमसेरलाई राँची पठाउनु महत्वपूर्ण पक्ष हो, यही आधारलाई नै उपन्यासको उपशीर्षक पनि बन्न पुगेको छ। जो शीर्षक मै पुष्टि भएको देखिन्छ। यस उपन्यासले आद्योपान्त हाँस्दै र रुँदै आफ्नो जीवन गुजारेको छ। उपन्यासकारको दृष्टि अत्यन्त सूक्ष्म छ। प्रतीकात्मक रुपमा यसलाई व्यक्त गरीएको छ। राणा शासनमा कहिले कुन समयमा को प्रधानमन्त्री हुन्छ भन्ने कुरा निश्चित हुँदैनथ्यो। अन्तर्द्वन्द रही रहन्थ्यो। भाइ-भाइमा विश्वास थिएन। त्यही कारण थियो आज दाजुको जगजगी छ भोली

भाइको। जनताले जो आए पनि जय जयकार मनाइ हाँस्दै स्वीकार्नु परेको थियो भने जो पदच्युत भएर बाहिरिन्थ्यो उ रुँदै जान्थ्यो। यस बाहेक रिडी र राँचीको जुन प्रश्न छ त्यो पनि रोचक रहेको छ। जुद्ध शमसेर रिडी तिर लागे शासन छाडेर। यिनका समयमा प्रजातन्त्रको लागि धेरैले ज्यान गुमाउनु परेको थियो। राजा देखि रंक सम्म प्रजातन्त्र चाहन्थे। शासन चलाउन गाह्रारो भएको अवस्थामा पुनः राणामा नै षड्यन्त्र भयो। जुद्ध शमशेर प्रायश्चित गर्न तीर्थ लागे खुसी नै भएर। यहाँ पनि हाँस्दैको अर्थ खुल्छ। राँची तिर पद्म लाग्दा उपन्यास नै टुङ्गिन्छ। यो अवस्थालाई उपन्यासकारले अत्यन्त रोचक ढङ्गले टुङ्याउनु भएको छ–

"दर्शन गर्न लाम लागे र उपस्थित रमिता हेर्न आएका मानिस बसे मोटर साइकल अघि-अघि पछि पछि पद्म शमसेर चढेको मोटर गयो कतिले जय महाराजको नारा लगाए। काठमाडौं छाडेर पद्म शमसेर गए आफुले ज्यूताभर पाएको श्री ३ महाराज झल झलाउँदो पगडी, पद छाडेर रुँदै-रुँदै पद्म शमसेर गए। जनता हाँस्दै-हाँस्दै घर फर्के। यही हो रिडी र राँचीको कथा। जसले बिना अपराध शुक्रराजलाई झुण्ड्याएर मार्‍यो, जसले धर्मभक्तलाई पनि झुण्ड्याएर मार्‍यो, जसले गङ्गालाल दशरथ चन्द्रलाई गोली हानेर मार्‍यो त्यो ज्यान मार्ने व्यक्ति जाँदा जनता रोयो। ऊ हाँसी हाँसी ठाटकासाथ गयो जसले प्रजातन्त्र दिन खोज्यो वैधानिक कानूनको घोषणा गर्‍यो, स्वतन्त्र लेखापरीक्षण गरेर दुनियाँलाई देखाउने स्वतन्त्र न्यायालय खडा गरेर निष्पक्ष न्याय दिलाउने जस्ता प्रजातान्त्रिक प्रणली बसाउने नियम बनाउन लगायो त्यो प्रजातन्त्र प्रेमी जाँदा दुनियाँ सबैले हर्ष मनाए। उ रुँदै-रुँदै जाने, दुनियाँ हाँस्दै-हाँस्दै फर्कने! यही हो नेपाली जनताको अजीब चाल! धन्य नेपाली जनता धन्य नेपालका बन्दोबस्तीहरू!!"

यसरी उपन्यासको यथार्थता प्रष्ट हुन आउँछ। हामीलाई शीर्षकले नै सम्पूर्णता प्रदान गरेको छ तापनि यस भित्र औपन्यासिकताको दृष्टिले धेरै कुराहरू समाविष्ट रहेका छन्। प्रत्येक शब्दले ज्ञान दिलाउँछ सबै कुरा यस लेखमा राख्न नसकिए पनि संक्षिप्त रूपमा चर्चा गर्नु आवश्यक छ–

हुन त 'ते हि नो दिवसाः' मा मिश्रज्यूले आफ्नो र यस उपन्यासको पृष्ठ भूमि राम्रो संग चित्रण गर्नु भएको छ तर यो उपन्यास स्वयं पाठक सूक्ष्म रूपमा भित्र पस्ने कोशिस गर्ने हो भने धेरै कुरा पाउन सक्छ।

१) 'प्राइमिनिष्टर हुनु भन्दा अघि चन्द्र शंसेरको गति' बाट उपन्यास शुरू हुन्छ र राणा शासनमा शासनहरूको प्रवृत्ति कस्तो थियो थाहा हुन्छ–

"चन्द्रलाई वीर शमसेरले गरेको ठीक लागेन। ठीक नलागे पछि उनले हात जोडेर भने–हिसाब गल्ती भयो। हुकुम अनुसार हुँदा सरकारको नोक्सान पर्छ। त्यस्तो गलत निर्णय सरकार-बाट हुनु भएन, फेरी न दोहोरियोस् चन्द्रको बिन्ति सुनेर वीर शमसेर मुद्दा सुनाउने हाकिमलाई भने यिनलाई थाहा छैन, बीज गणित र रेखा गणित जानेर मात्र हुँदैन। यिनी यस्ता कुरा जान्दैनन् मैले भने जस्तो गर्नु, दोहोऱ्याउनु पर्दैन.....। (१/२)

त्यसबेला प्रधान मन्त्रीले जे बोल्यो बोल्यो कर्सले काट्न सक्दैनथ्यो। आफ्नै भाइ र भावी प्रधान मन्त्री रोलबालाले राम्रो कुरा गर्दा त उनले रुचाएनन् र चन्द्रलाई कहिल्यै विश्वास गरेनन्।

२) देव शमसेरको परिचय, देव शमसेर र कृष्ण कुमारी-

को वार्ता, वीर शमसेरको स्वर्गारोहण, फत्य शमसेरको शासन व्यवस्था, देव शमसेर महाराज, देव शमसेरको सुधार चन्द्रको तर्कना, चन्द्र र दुर्गा, भाइ सल्लाह, कर्तव्य पालन, चन्द्र र फत्य, काका भतिजा, देव शमसेरको राजिनामा, यी दुई देखि १४ उपशीर्षकसम्म उपन्यास देव शमसेरको अगाडि पछाडि दौडिरहेको छ। यसमा प्रधान मन्त्री भएका देव शमसेरले देश सुधार गर्न खोजेका थिए। उनी स्थति दृढ त थिएनन् तर सुधारको लागि अगाडि अवश्य बढेका थिए 'संसद'-को कल्पना गरेको हुँदा चन्द्र शमसेरको तर्कना र सम्पूर्ण भावी श्री ३ मा शंका उत्पन्न भएको कुरा देखाइएको छ, भने उपन्यासकार देव शमसेर धनकुटा जान् पर्ने अवस्था मा स्वय भावुक बन्नु भएको छ– "पार्लियामेन्ट खडा गरी प्रजातन्त्रदिन चाहने विचरा देव शमसेरको धनकुटा बास भयो। विधि नपुग्याई हडबडले गरेको काम कहिल्यै सफल हुँदैन। देव शमसेरले विधि नपुग्याई पार्लियामेन्ट खडा गर्न, दासत्वको मोचन गर्न र शिक्षाको प्रचार गर्न गरेको काम त्यसै अधुरो रह्यो। बलियो छाती भएको, कुशल शासकले उठाएको विधि पूर्वकको काम भए कहिल्य विफल हुने थिएन..... ।

"अव्यवस्थित चित्तानां प्रसादोऽपि भयङ्कर" (१४ / पृ. ८५) यहाँ उपन्यासकार भावुक कवि बन्नु भएको छ–

सबै बन्धु मेरा रहेछन् नि बैरी
सबै घातकी हुन् सबै पातकी हा ! .....
.. .. (१४/पृ. ८६/६)
अहो अस्ति कस्तो थियो मान मेरो
... ... (१४/पृ. ८७/१०)
कता राजधानी कता धनकुटा यो
... ... (१४/पृ. ८७/१३)

३) वकीलको जाहेरी, चन्द्रको अठोट, कामको प्रारम्भ खुशीको खबर, चन्द्रको तर्कना चन्द्रको अर्ती, यी १५ देखि २० उप शीर्षक भित्र चन्द्र शमसेर २८ वर्ष शासन चलाएको अवस्थालाई देखाउँदै उनको शासनकालमा राम्रा कार्यहरू नराम्राकार्यहरू सम्पूर्ण व्यक्त गर्नु भएको छ। यिनको शासनले साधारण जनतालाई केही दिन सकेको छैन। अत्यन्त चतुर शासक भएकाले राजा प्रजाले केही गर्न नसकेको र सामान्य समयानुसार हुने काम मात्र भएका थिए।

४) भीम शमसेर उदय, स्वार्थान्ध भीम शमसेर, भीम शमसेर कार्यकलाप, बिजुली गारद, वसन्त र यज्ञ नजरबन्द, आमा छोरा वार्ता, भयानक पत्र, यी २१ देखि २७ उपशीर्षक सम्म भीम समशेरले गरेको शासन व्यवस्थाको वर्णन गरिएको छ। भीम शममेर गँजडी छ भन्ने भावना पहिले देखि नै थियो। तर पनि केही समय रोसवाला भएको हुनाले शासक बन्नु अवश्य थियो भने। यिनको समयमा भाइ भारदारहरूमा बढी वितृष्णा उत्पन्न भएको कुरा उपन्यासकार मिश्रज्यूले व्यक्त गर्नु भएको छ।

५) जुद्ध शमसेरको अठोट, अठोट प्रकाश, दिव्य अर्ती रिडी प्रस्थान यी २८ देखि ३१ उप शीर्षक सम्म जुद्ध शमसेरले १३ वर्ष गरेको शासनको वर्णन छ। यिनले राजर्षिको उपाधि पाएका थिए। यिनकै समयमा प्रजातन्त्रको लागि घेरै नेपाली सपूतहरूले ज्यान गुमाउनु पर्‍यो। सोच विचार नगरी हत्या गर्न लगाउने राजर्षिको विषयमा मिश्रज्यूले व्यङ्ग्यात्मक रूपमा रिडी तिर प्रायश्चित गर्न पठाउनु भएको छ। यो यस उपन्यासको मुख्य पक्ष हो।

उपन्यासकार जुद्धको मुखबाट त्यस समयको अवस्था राजा प्रजा मिलेको राणा राणाहरूमा फुट आएको कुरा व्यक्त गर्नु हुन्छ–

'राजा वैरी, दुनिया वैरी भाइ भतिजा वैरी, भारतीय जनता वैरी, भारत सरकार वैरी असन्तोषी वैरी, वैरी। अरू त के आवश्यक परे मोहन वैरी, बबर वैरी छोरा वैरी नाति वैरी'।

६) ढवोर शङ्खको आवाज, प्रजातन्त्रवादीको न्याय, संस्कृतका छात्रहरूको माग, प्रजातन्त्रवादीको पजनी, हरिहर भवन, तीन माहिला, लक्ष्मी निवास, जुवाई जेठान वार्ता, चर्को नारा दिने अठोट, पद्मको तर्कना, मृतको अमृत, पद्म शमसेरको सान्त्वना, निष्कर्ष, राँची प्रस्थान, यो ३२ देखि ४५ सम्म हरेक उप शीर्षकको महत्व छ र यस समयमा प्रजातन्त्रको लागि भएका अनेक कुराहरूलाई देखाइएको छ। जब जुद्ध शमसेर रिङ्गी तिर लागे त्यसपछि पद्म शमसेर देशका अर्वेसर्वा शासक बनेका थिए। सरल हृदय भएका पद्मको अगाडि पछाडि वैरी नै थिए। देश सुधार गर्न खोज्दा चन्द्र शमसेरले देव शमसेरलाई धनकुटा लखेटेका थिए त्यसैगरी अन्य रोलवाला राणाहरूले पद्मलाई पनि हटाउने षड्यन्त्र नगरेका होइनन् तर देशमा जनता जुरमुराएको, राजा पनि जनतासंग लागेकोले अप्ठ्यारो स्थितिमा थिए। सरल हृदयका पद्मको हातमा शासन आएपछि अनेक सुधार गर्न खोजे। जनतालाई विश्वास थिएन। मिश्रज्यूले यसलाई सजीव ढङ्गले व्यक्त गर्नु भएको छ–

"नेपालको आजीवन राणा प्राइमिनिष्टर श्री ३ जुद्ध आपनो ३ चाँदे हीराको श्री पेज भतिजाको टाउकोमा राखेर रिङ्गी वानप्रस्थ आश्रमको निमित्त गए सर्वसाधारणलाई यति थाहा भयो– जुद्ध गयो, पद्म आयो। गोरो गयो, कालो आयो। कालो गयो, गोरो आयो। धर्मात्माले भने– राजर्षि महाराज, पापात्माले भने– घातकी पातकी ज्यानमारा, पोके। विरोधीले भने– बस्लास् रिङ्गी, तेरो कति बास होला" (३१।पृष्ठ १८६)

राणा शासनले राजालाई कैदी सरह राखेको थियो। प्रजाहरूलाई दुःख मात्र दिएको थियो। त्यसले राजा प्रजालाई कुनै विश्वास थिएन राम्रो कार्य गर्न खोजे पनि आफ्नै भाइ भतिजाहरूले गर्न दिंदैनथिए शासन चलाउन सकेन भनेर खेद्न के वेर! त्यस्तो अवस्थामा पद्मले के गर्न सक्थे र! देशमा पूर्व देखि पश्चिम सम्म प्रजातन्त्रको लहर फैलिएको थियो। सभा गोष्ठी हुन थाल्यो। पद्मले आफुलाई जनताको नोकर सम्म भने तर केही लागेन। उनी विरक्तिए। संविधान बनाइ घोषणा गर्दा धेरै खुसी भएका थिए तर उनलाई पनि बस्न टिक्न दिइएन आखिर राँची प्रस्थान गर्नु पर्यो।

अन्तिम उपशीर्षक 'राँची प्रस्थान' मा उपन्यासकारले राणा शासनको सम्पूर्ण इतिहासलाई केलाउनु भएको छ–

पहिला राणा प्रधानमन्त्री जङ्गबहादुर अति बाठो सूरो र दरबारको नगीच रहेको जस्तो काम गर्न पनि पछि नहट्ने।

रणोद्दीप गाई प्राणी थिए। बीरशमसेर गोत्रघाती र कपटी थिए। देवशमसेर धनी, मनमोजी, र राजनीतिक सुधार गर्न खोज्ने प्रवृत्तिका थिए। चन्द्रशमसेर- धूर्त, चलाक कसैको विश्वास नगर्ने जङ्गबहादुर पछि बढी शासन गर्ने प्रधानमन्त्री थिए।

भीम शमसेर- गंजडी थिए।

जुद्धशमसेर– धेरै स्वास्नी भएका, घर भाँडिएको थियो र यिनकै समयमा अनेक क्रान्तिकारी वीरहरूलाई प्राण दण्ड दिइएको थियो। रिडी तिर जाने यिनै हुन्।

पद्मशमसेर– दपोरशङ्ख हुन्, बोलेको कुरा पुऱ्याउन नसक्ने आपनै भतिजाबाट राँचीतिर लाग्नु पऱ्यो।

यसरी उपन्यासकारले 'रिडी र राँची' उपन्यास द्वारा राणाकालीन अवस्थालाई दर्शाउनु भएको छ। यो ऐतिहासिकताले भरिएको उपन्यास पढ्दा कुनै बाधा अवरोध आउदैन। सरल सरस ढङ्गले प्रस्तुत भएको यसमा भयागत त्रुटीहरू त्यति छैनन् तर कुराहरू भने दोहोरिएको अनुभव हुन्छ।

"हाँस्दै रुँदै" लाई पुनः दोहोऱ्याउन मन लाग्छ– उपन्यासकारकै शब्दमा– "जसले बिना अवराध शुक्रराज.. धर्म भक्त .. गङ्गालाल, दशरथ चन्दलाई मार्यो... त्यो... जाँदा जनता रोयो। ऊ हाँसी हाँसी ठाटका साथ गयो। जसले प्रजातन्त्र बिन खोज्यो..... न्याय बिन खोज्यो... प्रजातान्त्रिक प्रणाली बसाउने नियम बनाउन लगायो... उ जाँदा... सबैले हर्ष मनाए ऊ रुँदै रुँदै जाने, दुनियाँ हाँस्दै–हाँस्दै फर्कने ....

(रिडी र राँची ४५/पृष्ठ ३०५ बाट)

नेताहरू

– कृष्ण वाउसे

महिनौसम्म पछि लागेर
थुप्रै रमाइला साँझ मनाउन उसलाई डाकेर
'आऊ' भन्दा आएर र 'जाऊ' भन्दा गएर–

सम्पादक खुशी पारेर

बल्ल बल्ल पत्रिकामा छापिएको
आफ्नो परिचय सहितको फोटो देखाउँदै
आफ्नो अभिनयकलाको बढाई आफैं गरिरहेको

तेश्रो दर्जाकी अभिनेत्री

अथवा

पारिश्रमिक वा पुरस्कारको तेब्बर रकम गुमाएर
पत्रिका वा पुरस्कार गुठीका मतियारसम्मलाई

भन्सार-मुक्त रक्सी खुवाएर

इमान–स्वाभिमानलाई शक्तिको पाउमा झुकाउँदै
बल्ल तल्ल रचना छापिएपछि

वा पुरस्कार हात लगाएपछि

आफ्नो प्रशंसा आफैं लेखेर छपाउने बाह्रले कविहरूले झैं
चुनाव नजिक आएको बेला
नेताहरू आफैं आफूलाई 'जन सेवी' को पदवी दिने गर्छन्
मानौं
तिनको मनमा छड्की रहेको संकीर्ण स्वार्थको मुसमुसे गन्ध
मतदाताको घ्राणशक्तिले पटक्कै थाहा पाएको छैन।

देशमा प्रजातन्त्र आएपछि मोटाघाटा, चिल्ला र सुकिला लुगा लगाउनेहरू पार्टीमा हावी-हुनेछन्' र सही कार्यकर्ताहरूले तिनीहरूको बिरुद्ध पुनः एकपटक आन्दोलन गर्नु पर्ने छ।

वी. पी. कोइराला

बूढो गोरू

फणीन्द्रराज खेताला

पात्रहरू–

केदार बाजे – झण्डै सत्तरी वर्ष पुग्न लागेका अवकास प्राप्त निम्न बेतनिक कर्मचारी दमका रोगी ।

बज्यै – उनकै पत्नी, बहिरी ।

राजन् – उनीहरूको छोरो, सरकारी कर्मचारी, अधिकृत ।

सुशीला – राजनकी शिक्षित पत्नी ।

रञ्जना – राजनकी छोरी ।

प्रभात – राजनको छोरा ।

सन्तोष काजी - केदार बाजेका दौंतरी, छिमेकी ।

गङ्गी – नोकरनी ।

एउटा ७×१० को पुरानै ढाँचाको नेपाली कोठा, जसका अवयव पनि पुरानै छन् र अँले त्यो कोठाको साधारण बिछौना सहितको पलङमा लेटेका केदार बाजे, सत्रन्जा माथि ओछ्याइएको चकटिमा बसेका आपना दौंतरी सन्तोष काजी सङ्ग बितेको आपना वयका अनुभव र वर्तमान सङ्गको असन्तुष्टि प्रति टोका टिप्पणी गर्दैछन् । दमको रोगी उनी छिन छिनमा खोक्छन् पनि । समय त्यस्तै दिनको तेश्रो प्रहर छ ।

सन्तोष– हिजो आज त तपाई बाहिर तिर यसो निस्कन पनि छोड्नु भो ।

केदार– खोई शरीरले नदिए पछि कसरी र ? म त यसपाली निर्कै नै गले जस्तो लाग्छ ।

सन्तोष– होइन, होइन, त्यसो होइन । मन दरो पार्नु पर्छ अनि पो...

केदार– (एकै छिन लामो खोकी खोकेर स्याँ स्याँ गर्दै) ओहो ! यो दम र खोकीले पनि ज्यानै पो लिन लाग्यो । (एकछिन अडेर) कसले बास्ता गर्ने होइन । (फेरि एकछिन अडेर) आफू म पनि उस्तै भएँ । अरू त अरू झण्डै पचास वर्ष देखिको सहवास भएकी बूढियाले पनि पो बास्ता गर्न छोडी । (फेरि खोक्छन) ओहो खोकी, खोकी कति खोक्नु ? यो बूढेसकाल पनि एक अपराध, जस्तो छ । (सन्तोष तिर हेरी) कि कसो ? होइन त ? (उनी एकछिन चुप लाग्छन ।) यसै बेला तिर उनकी बुढिया बज्यै आउँछिन् । सबै उनीलाई हेर्छन्)

सन्तोष– हेर्नुहोस्, प्राकृतिक नियम आपनो परिधिमा बाँधिएको हुन्छ । जीवन र जरा मरण यो

सबै प्राकृतिक नियम भित्रका कुरा हुन् ।' तपाईं म भन्दा पाँच वर्ष मात्रै जेठो त हो नि । तर के गर्नु दमको रोगले गाल्यो ।

केदार– (खोक्दै) त्यति मात्रै भए त हुन्थ्यो नि, यहाँ मेरो त धेरै कुरा पो छ त । (बूढीसँग) के भो ? के खोज्न आयौ ?

बज्यै– (कानमा हात लाएर) के भन्नु भा को ? अलि ज्यो पाइन मैले ।

केदार– (सन्तोषसँग) यी देख्नु भो त ? यस्तै छ घरको कथा । ऊ कान सुन्दिन, म दम र खोकीले राम्रो बोल्न सक्दिन । यति मात्रै भए पनि क्यै थिएन, तर यहाँ त जीवन-मरणको समस्या पो आइलाग्न लाग्यो । हेर्नु-होस्, आफू काम नलाग्ने बूढो गोरु जस्तो भइयो । यस्तो थारो गाई जस्तो यी बूढियालाई घाँस हाल्ने कसले ?

सन्तोष– किन र ? छोरा-बुहारीले हेर्न छाडे र ? एक्लो छोरो, एउटी बुहारी– तपाईंका त नाति नातिनी पनि लोभ लाग्दा छन् । घरमा सम्पन्नता छ । क्यै कुराको अभाव र दुःख भए जस्तो त लाग्दैन ।

केदार– हो, (लामो सास फेरेर फेरि पनि खोक्दै दम फुलेको स्वरमा) अरूले देख्दा म सम्पन्न छु । सबै ठीक छ भने जस्तै, खोजे जस्तै छ– अरूलाई यस्तो देख्दा लोभ लाग्छ । हुन पनि केही वर्ष अघिसम्म मेरो गृहस्थ जीवन त्यस्तै थियो, तर अहिले आएर राहुग्रसित चन्द्रमाको अवस्था जस्तो भएको छ । अब त म एकदम निराश नै भएको छु । (एकछिन अडेर) साँच्ची भन्ने हो भने..... ... ।

बज्यै– (बीचैमा) के एकोहोरो फत्फताइराको ? म क्यै बुझ्दिन । (सन्तोषसँग) बुझ्नुहुन्छ तपाईं यो बूढाको कुरा ? त्यो त्यो गऱ्यो फुत्फुताऱ्यो ।

सन्तोष– म, म उहाँले कुरा गरेमन्दा बढी बुझ्छु । उहाँले बुझाउन खोजेभन्दा बढी बुझ्छु ।

केदार– यो बाहिर अरूसँग भन्ने, आफ्मा पोख्ने कुरा होइन । पारिवारिक, सामाजिक चेतना हुनेलाई त्यसै थाहा भैहाल्छ । पढे लेखेर मात्रै पनि हुँदो रहेनछ । पढ्न त मेरो छोराले– तपाईंलाई थाहै छ, एम. ए गऱ्यो । नौकरी राम्रै छ आम्दानी पनि बेस छ । बुहारी बी. ए. पास छ, त्यो पनि गृह विज्ञानमा, तर गृहको हेर विचार नास्ति । अब के भन्नु हुन्छ !

सन्तोष– आफूले केही गुटिल राख्नु भा क छ होला । त्यसबाट चाहे जस्तो आफ्नो काम चलाए भैहाल्छ नि, केलाई साँच्नु ?

केदार– सकेको भए हुन्थ्यो । जाबो नायब सुब्बाबाट अवकास पाएको मान्छे, त्यो पनि पन्द्र वर्ष भैसक्यो– उमेर ढाटेर जागिर खान जानिन– भन्नुहोस् त के हुन्छ । सञ्चयकोष र बिरामी बिदाको पैसा र अलि अलि रिन गरेर छोरा र छोरीको बिहे गरें अबत त्यै एउटा पेन्सिन मर छ ।

सन्तोष– अनि के त, खाना-पिना पनि भिन्दै छ कि क्या हो ?

केदार– त्यसो त होइन, त्यस्तो समस्या चाहिं अहिलेसम्म आइलागेको छैन । तर नआउला भन्न

सकिन्न । यो संसार हो, कति त्यस्ता हुन्न भनेका कुरा भएका छन् र हुन्छ भनेका चाहिं भएका छैनन् ।

बज्यै– के भन्या, के भन्या । अलि सुन्ने र बुझ्ने गरी त भन्नू ।

सन्तोष– (अलि चर्को स्वरले) बुझ्ने गरी त भन्नु भा छ नि । तपाईं नै त सुन्नु हुन्न नि । सुनेर बुझे त उहाँले भन्या कुरो धेरै राम्रो छ । (केदार फेरि खोक्न लाग्छन् । धेरै बेर खोकिरहन्छन् उनको दम चलेको प्रष्ट थाहा हुन्छ । बज्यै र सन्तोष उतै हेरि रहन्छन् । यस्तैमा राजनकी पत्नी सुशीला आउँछिन् । उनको पहिरन आधुनिक छ । कपाल मुठारिएका छन् । उनी चारैतिर हेर्छिन् । अन्तमा उनकी आँखा केदारमा गएर अडिन्छ ।)

सुशीला– कति खोकिराख्नु भा को ? यसो दुई चार पैसाको बेसे-ओखती किनेर खानु र निको पार्नु छैन । मलाई त बाक्क पनि लागिसक्यो । यहाँ कोठामा खोकेको सडकसम्म पनि सुनिन्छ । यसो कोठामा शान्तिसँग बस्न पनि पाइन्न ।

बज्यै– के भन्या दुलही ? के भो भन्या ?

सुशीला– (झर्किएर) क्यै हैन, क्यै हैन । नसुन्या जस्तो गरी ढाँचा पार्नु पर्दैन ।

सन्तोष– के भन्नु भा को नानी त्यस्तो । जानी जानी पनि कसैले रोग बेसाउँछ र ? यस्तो त बूढ़ेले पनि गर्दैन ।

केदार– भन्न दिनुहोस् (लामो सास फेरेर) उनीहरूको भन्ने पालो, हाम्रो सुन्ने पालो । (शुशीलासँग) तिमी त कहिल्यै बूढी हुन्नौ होला, प्रकृतिको नियम विरुद्ध पनि म आसिक दिन्छु, तिमी कहिल्यै बूढी नभए । सधैं भरी यस्तै शरीर र रूप रङ्ग रहिरहोस् । हामीलाई हाम्रै हालतमा छोडि देऊ ।

सुशीला– कसरी छोड्ने ? अरूले देख्दा हामी नजाती । यहाँ आफ्नो घरको पीर मर्का कसले बुझोस् । एउटाको कमाइले घर खर्च बसो बसो खानेको औषधी र खुराक कसरी पुऱ्याउने ? मेरा त छोरा छोरी छन् । यिनीलाई पढाउनु छ ।

केदार– हाम्रा पनि छोरा छोरी थिए, हामीले पनि पढायौं । योग्य बनायौं, तर कहिले यसो भनेनौं ।

सुशीला– भन्नु भो कि, भएन भलाई के थाहा ?

केदार– थाहा पाउन खोजे धेरै कुरा थाहा पाउन सकिन्छ । चासो राख्नु पर्छ । तिमीले के थाहा पाउन खोज्यौ ? खोई हाम्रो अतीत बुझेकी केवल आफ्नो वर्तमान नहेर, भविष्यतिर नियालेर हेर्ने बानी बसाल । आजका हामी जस्ता बूढा गोरू जो आज कुहिएको परालसम्मका लागि योग्य सम्झिइँदैन, अतीतमा हान्ने सांढे नै थियौं होला, तर बूढा गोरूको भाग खोसेनौं र हकारेनौं पनि ।

सुशीला– होला, मलाई चासो राख्ने फुर्सत छैन । तर... ...

केदार– (बीचमा) तर के ? यसको अर्थ के हो ?

सुशीला– मेरो भनाई को अर्थ, तपाईंको नौ शयले खाना, घर, औषधी सबै चल्दैन, भनिदिएकी छु ।

(केदार र सन्तोष छक्क परेर र बज्यै पक्क परेर सुशीलालाई हेरि रहन्छन् । सुशीला पाइला बजाई निस्कन्छिन् । सबै उनको गन्तव्यतिर हेर्छन् । यस्तै- आधुनिक भेष भूषामा राजन्ले प्रवेश गर्छन् । उनी त्यहाँको वातावरण देखेर एकछिन मौन नै रहन्छन्, तर केही बेरपछि ।)

राजन्– किन, के भो र बा ? किन म आउने बित्तिकै सबैजना चुपलाग्नु भएको ?

केदार– (छोकेर घाँटी साफ गर्दै) के भो, के भएन सबै गएर आफ्नो स्वास्नीसँग सोध् । उनैले आफ्नो पुरुषार्थको बखान गर्ने छन् ।

राजन्– बाले नै भन्नु भए पनि त हुन्छ नि । बाको मुखबाट सुनौं न ।

बज्यै– (सुन्नलाई कान थापेर) तेरी स्वास्नीले बा-लाई कुन्नि के के भनेर गई भर्खरै । मैले त केयै बुझिन ।

राजन्– त्यस्तो भन्ने नहुने के कुरा भनेर गई त ? बा-आमाले पनि केही त्यस्तै कुरा भन्नु भो होला ।

केदार– हामीले भन्न नहुने त्यस्तो केही भनेका र गरेका छैनौं । नपत्याए ऊ सन्तोष काजीसँग सोधे हुन्छ ।

राजन्– आफ्नो घरको कुरो पराईसँग के सोध्ने ?

सन्तोष– (उठेर जान खोज्दै) बाबु, तिमीले भलाई पराई सम्झियौ, हो यो ठीक हो, तर आफ्नै जस्तो गरी बालककालमा बोकी-खेलाएको बिसें छौ । त्यो पनि ठीक हो, जसले आफ्ना जन्मदाता आमा र बाबुलाई बिसंन्छ उसले .. ... ।

राजन् (बीचमा) भो भो, भलाई यस्ता कुरा सुना-उनु पर्ने कुनै आवश्यकता छैन । म समर्थ भैसकें । आफ्नो राम्रो नराम्रो सबै बुझ्न र जान्न सक्छु । (व्यंग्य गरेर) अब पाल्नु भए हुन्छ ।

सन्तोष– हो, सँले जानै पर्छ र अब यो घरभित्र कहिल्यै पस्नु पनि हुँदैन । (केदारतिर फर्किएर) सुब्बा बाजे, बस्नुहोस् । अब म जान्छु । फेरी फेरी म आउने छैन ।

(उनी अन्यत्र कतै नहेरी निस्कन्छन् । एकछिनसम्म सबै उनी गएतिर हेरि-रहन्छन् ।)

केदार– बाबु, तँले सारै नकाम गरिस् । सन्तोष काजी मेरा बाल् संगाती र हाम्रो परिवारका हितैषी हुन् । उनीद्वारा कहिले पनि हाम्रो अहित वा कुभलो हुँदैन । हामीलाई भनिस्, त्यो आफ्नै घरभित्रको कुरा हो, तर... ।

राजन्– (बीचमा) यो आजको संसारमा कोही कसैको हितैषी र आफ्नो छैन हुँदैन पनि । सबै स्वार्थका दास हुन् । भंगो बी कुरा यहीं छोडौं ।

केदार– (फेरि लामो खोकी छोकेर) के यहीं छोडौं भन्छस्; यस्ता कुरा पनि छोडिने कुरा हुन् र । छुरीको प्रहारबाट बनेको घाउ बल्

छिटै निको हुन सक्छ, तर वचनको घाउ चाहिं ... ।

सुशीला– (आउँदै बीचमा) तर वचनको घाउ चाहिं के नि ? कसले कसलाई के वचन लाको छ र यहाँ ?

राजन्– (सुशीलासँग) मैले कुरा गर्न लागेको ठाउँमा तिमी किन बोल्नु पऱ्यो । जे कुरा गर्नु, भन्नु पर्छ, त्यो मैले गर्छु, र भन्छु पनि । तिमी चुप लागेर बस्न ।

सुशीला– कति चुप लाग्नु ? म त सक्दिनँ सहन । सक्नेले सहनु र बोल्नु ।

राजन्– यो काम तिम्रो होइन । (बाबु र आमातिर फर्किएर) रात दिनको यो रडाको किन ? बा-आमालाई चाहिया के ? के खोज्नु भएको हो प्रष्ट भनिदिनु पऱ्यो ।

केदार– तिमीहरू नै भनन प्रष्ट । हामी तिमीहरू जस्तो कुरा गर्न जान्दैनौं र सक्दैनौं पनि । हाम्रो इच्छा, आकांक्षा र मान मर्यादा सबै सकिएको छ । तो सबै कुरा हामीसँग जीर्ण भएर मकाइ सकेका छन् । अब धराशायी हुन मात्र बाँकी छन् । त्यसैले अब हामी केही भन्दैनौं र गर्दैनौं पनि । जे भन्नु, गर्नु र बोल्नु पर्छ त्यो तिमीहरू कै जिम्मामा आएको छ; मन, गर ।

राजन्– हो, हामी त्यही गर्छौं जे जे पुराना पीढीले हाम्रो जिम्मामा छोडेको छ । गोठमा बाँधिएका थारा गाई र बूढा गोरूलाई गोठालाले त्यति नै घाँस-पराल दिन्छ जतिले उसको जीर्ण प्राण धानिन्छ । बाले अनुभव गरेकै र बुझेकै कुरो हो ।

केदार– (उठेर थर थर काम्दै जङ्गिएर) के भनिस् ? फेरि भन् त ?

सुशीला– भनिदिनोस्न– थारो गाई र बूढो गोरू...।

राजन्– (बीचमा) तिमी नबोल । यहाँ तिम्रो बोल्ने काम छैन । जे भन्नु र गर्नु पर्छ त्यो म नै गर्छु र भन्छु ।

केदार– के भन्छस्, र के गर्छस् यहाँ भन्दा बढी । अझ भन्नु र गर्न अरू के बाँकी छ त्यो पनि गरिहेर । म पनि घरै दिनदेखि कुनै निस्कर्मा पुग्ने अवकासको खोजीमा थिएँ । म मेरो मुखले भन्न चाहन्थें त्यो कुरा जुन आज तैंले स्वास्नीको हा हा मा लाग्नि भनिस् । ठीक छ तैंले भनेको– म बूढो गोरू, आमा थारी गाई, तर सम्झी तैंले हाल्ने कुहिएको घाँस वा पराल हामीलाई चाहिन्छ ।

सुशीला– त्यस भन्दा बढीको आश गर्नु पनि पर्दैन र पाइन्न पनि ।

केदार– (भुइँमा थचक्क बस्दै) तिमी दुवै निस्किहाल यहाँबाट, अहिले नै यो घर छोडेर गैहाल । यो घर छोडेर जाओ । कुनै अधिकार छैन यहाँ बस्ने । यो मेरो घर हो, मेरो ।

बज्यै– किन कराइरा'को त्यसरी ज्याट्टिएर ? उनीहरूले भनुन् जे भन्नु, हामी सुनिरहूँ । अहिले हाम्रो सुन्ने पालो छ ।

(गङ्गी र उसैको साथमा रञ्जना र प्रभात पनि आउँछन् । उनीहरू क्रमशः सबैको मुखतिर जिज्ञासु बनेर हेर्छन् । आज्ञामा खोज वा अन्वेषणको भात देखापरेको पाइन्छ, तर त्यहाँका कसैले पनि उनीहरू तिर वास्ता

गर्दैनन् ।)

केदार– तिमीहरू किन नगएका ? गैहाल भन्या, मलाई मुख नदेखाओ । यी छोरा छोरीको मुख पनि... ... ।

सुशीला– (बीचमा) यो घरमा रजगज गरेर बसौला भन्ने होला । कहाँ पाइन्छ त्यसो गर्न । हाम्रो पनि हकलाग्छ ।

राजन्– भै गो, नकराऊ । अब फैसला भै सक्यो ।

रञ्जना– मम्मी, किन हजूर बुबा मुमा रोइवक्स्या ?

सुशीला– सोध्न तेरै हजूर बुबा र मुमासँग । मसँग के सोध्छेस् ।

प्रभात– (केदार निर गएर उभिई केदारलाई सुमसुम्याई) किन लोको हजूल बुबा ?

सुशीला– (राजन्सँग) अब के हेरेर बसिरा'को ? गर्नु परेन बासको बन्दोबस्त । यी लाला बाला कहाँ लगेर थन्क्याउने ?

राजन्– (मर्खरे निद्राबाट ब्यूँझिए जस्तो गरी) हँ, के भ-यो ?

सुशीला– अब घरबाट निस्कने हैन त ?

राजन्– किन निस्कने ? कसले भनेर निस्कने ? यहाँ मेरो पनि हक छ ।

केदार– बूढो गोरू र थारो गाईको छालामा तेरो के को हक ? हक खोज्नेले .. ... ।

बज्यै– अब धेरै नबोल्नु होस्, थाक्नु भो । के हुन्छ हुन दिनुस् । (आफ्नो निदारमा हात राखेर) सबै भाग्यको खेल हो । पूर्व जन्ममा राखेको ।

सुशीला– गंगी, तँ यहाँ किन ? बाबु र नानीलाई लैजा तल खेलाउन । (राजन्सँग) हामी पनि जाऊँ । आफ्नो हक भए कहाँ जाला र ।

रञ्जना– म त तल नजाने । यहाँ हजूर बुबा र मुमासँग संग बस्ने ।

प्रभात– आमी पनि बछ्ने अजुल बुबासग ।

केदार– (प्रभातलाई सुम्सुम्याएर) हामी गोरू र गाई कहाँ तिमीहरू बस्छौ र ? बस्नु हुन्छ र ?

गंगी– जाऊँ सबारी होस् बाबु-नानी ।

राजन्– म गएँ, हो बाले भन्या ठीक हो । हामी यहाँबाट जानै पर्छ ।

केदार– हो यो गन्हाउने गोठबाट तिमीहरू जानै पर्छ किन भने तिमीहरू यहाँ सास फेर्न सक्दैनौ सजिलोसँग ।

सुशीला– (जार्दै) भविष्य कसलाई थाहा ?

राजन्– कुनै न कुनै दिन त हाम्रो आवश्यकता पर्ला ।

(राजन् र सुशीला निस्कन्छन् । गंगी रञ्जनालाई लिएर निस्कन्छे । बूढा प्रभातलाई सुम्सुम्याइ रहन्छन् ।)

बज्यै– हे भगवान्, जोगाऊ सबैलाई ।

(केदार बज्यै तिर हेर्छन् । दुवैको आँखा प्रभातमा केन्द्रित हुन्छ । बिस्तारै पर्दा लाग्छ)

जसको संकल्प स्थिर छैन त्यो बुद्धिमान, शास्त्रज्ञ, उपाय जान्ने होस्

तापनि त्यसले कुनै पुरा गर्न सक्दैन ।

– महाभारत

त्यो फेरि फर्केन

—सविन शाक्य

त्यो कहाँ भाग्यो, कता भाग्यो कुनै अत्तोपत्तो भएन, उसलाई भाग्नु थियो, भाग्यो आखिर उसको पनि त जीवन हो। चाहे मानिस होस् वा जनावर जो पनि मौलिक तवरबाट बाँच्न चाहन्छन् स्वतन्त्रताको अभिलाषि हुन्छन्। त्यसले पनि आफ्नै मौलिक हक, अधिकार प्राप्तीको लागि हामीसंग कुनै खोज खबर बिनानै विदाबारी नै आफ्नो कर्मक्षेत्रमा दौडयो।

ऊ सानै थियो माञ्र १५ दिन पुगेको अब त्यो हाम्रो घरमा मिलिएको थियो। एकदम सरल, निष्कपट र अबोध। यस मतलबी संसारमा हामीले पनि आफ्नो मतलबको खातिर उसलाई पालेका थियौं। सत्सङ्गत बसेपछि दुङ्गा, मूढासंग पनि प्रेम हुन्छ भनेझैं समय बित्दै गएपछि त्यो हामी मध्येको एक सदस्य बन्न पुगेको थियो। हाम्रै घरको सदस्य मध्ये एक।

हाम्रो सानो परिवार थियो। समय परिस्थिति अनुरूपको बुवा, मुमा, दीदी अनि र म यो सानो परिवारमा उसको आगमन पश्चात एक अर्को सदस्यको वृद्धि भएको थियो, अर्थात् उसले विस्तारै आफ्नो ठाउँ ओगट्न सफल भएको थियो। उसको आगमनको शुरुशुरुका दिनमा त्यो एउटा कुनामा बसेर चुपचाप जे खान दिइन्थ्यो सपासप खाने गर्दथ्यो। शायद नौलो ठाउँ र नौलो परिवेश हुनाले होला। पछि केही समय बित्दै गएपछि दुध माञ्र पिउने गर्न थाल्यो। नयाँ पाहुनालाई मीठो मीठो खुवाइन्छ भनेझैं त्यसलाई पनि हाम्रो घरमा मीठो खुवाइन थालियो हाम्रो समाजको प्रचलन अनुसार, दुध, दही, मासु इत्यादि।

नानी देखिको लागेको बानी कसैले पनि छटक्कै छाड्न सक्दैन। जात मानिसको नपाए पनि त्यो पनि कम सौखिनदार थिएन। पछि दाल, भात, दुध, दही यो सबको गन्धदेखि पर रहन थाल्यो। मासु पाए खाने, नपाए घुर्की देखाई चुप-चाप बस्न थाल्यो। त्यसको त्यो जण्डूपनको कारण उसलाई मासुको प्रबन्ध गरियो। त्यो पनि कुखुराको।

त्यसो त त्यस फिरन्ते जातलाई एक घरमा बस्न पनि गाह्रो भएन होला तर के गर्नु? हामी सब कार्यालयका दास हुनाले त्यो एक्लै बस्नुपर्थ्यो १० देखि ५ बजेसम्म। अनि साँझ जो पहिला घर पुग्यो, त्यो संग ऊ लडीबुडी खेल्थ्यो, रमाउथ्यो, म्याउँ... ... म्याउँ . ... गरी स्वागत गर्दथ्यो, अनि जोउमा टाँसिन आउँदथ्यो। त कहिले रीस जाहेर गर्न घुर.. .. घुर.. ... गर्दथ्यो।

बुवा मुमासंग त्यसले कस्तो व्यवहार गर्थ्यो यसको मलाई कुनै ज्ञान छैन । तर जब म घर पुग्थे त्यो मेरो कोठामा गूरूरं आई हर्वले नाचन थाल्थ्यो । एकपटक मैले सुम्सुम्याई दिएपछि त्यो मसंग खयाल गर्न मूडमा आउँथ्यो । कहिले खुट्टा समात्थ्यो, कहिले ओछ्यानमा आई लडीबुडी गर्थ्यो त कहिले मेरो काखमा आज्ञाकारी बालक झैं चुपचाप बस्न आउँथ्यो । त्यसो त 'खोट' पनि त्यसमा व्याप्त थियो । कहिले सोफा, कहिले ओछ्यान र कहिले किताबको रासमाथि गई निर्लज्ज मूर्तिदिन्थ्यो । तर जे होस् विस्तारै विस्तारै त्यो मेरो 'कमजोरी' बन्दै गईरहेको थियो, एकदम अभिन्न ।

एवं रीतले दिन, हप्ता महिना र वर्ष पनि बित्दै गयो । एकदिनको कुरा हो । म कार्यालयको आपनो दायित्व पुरा गरी रातको नौ बजे घर फर्केको थिएं । त्यो दिन त्यस पाजी बिरालाले बुवाको ढाडमा गएर मुतिदिएछ । त्यसपछि त के चाहियो, बुवाले त्यस निरिह जनावरलाई मरणान्त अवस्थामा पुगुन्जेलसम्म कुट्नु भयो । मलाई त्यस बिरालो माथि सारै माया लागिरहेको थियो तर चुप रहें, बोलु भने बुवाको कडा स्वभाव आफैंमाथि प्रहार होला भन्ने डर... । म नाटक हेर्न तल्लिन दर्शक झैं चुपचाप हेरिरहे । बुवा रिसाग्नी केही तल ओर्लेपछि आपनो कोठा तर्फ लाग्नु भयो । म त्यस घायल बिरालोलाई काखी च्यापि सुम्सुम्याउन थाले ।

सधैं एकै प्रकारको तरकारी खाँदा जसरी जिब्रोले स्वाद फेर्न जमर्को गर्छ । यो सत्य पनि हो । बिरालोको म्याउं .. ... म्याउं... ... पनि मेरो घरको अन्य सदस्यका लागि यातना हुँदै गएको मैले अनुभव गरेको थिएं । अब त्यस बिरालोले आपनो स्वभाव अनुसार म्याउं, म्याउं पनि गर्न नपाउने भयो । लात, थप्पड र कूचो खान थाल्यो । मलाई त्यसमाथि माया त जाग्थ्यो तर मैले के नै पो गर्न सक्थें– चुपचाप उसमाथि परेको चोट अप्रत्यक्ष सहदै गएं । सबैको कुटाई खाई हडबाएको ऊ आँशु चुहाउँदै मकहाँ आउँथ्यो, म सुम्सुम्याउदै धैर्य दिने प्रयत्न गर्थें ।

शुरूका दिनमा छोरा झैं माया गर्न त्यस बिरालोलाई अरूले कुट्ने, पिट्ने गरेको देखदा कहिले कहीं म झोकिन्थें । तर मेरो झोक्काई बालुवामा पानी छन्याएझैं व्यर्थ हुन्थ्यो ।

एकदिन त्यस पशुले फेरि गल्ती गरेछ, त्यसपछि के चाहियो ? मेरो घर कुरूक्षेत्र बन्यो । त्यो बिरालो तल माथि भाग्न थाल्यो । त्यसले असाध्यै कुटाई भोग्यो । चर्पीको टयांकी पछाडी लुक्न गएको त्यसलाई मैले समातेर घरभन्दा टाढा छोड्न निस्कें । मनमा अबागमन भएका सब भावनालाई कुना पन्छाई त्यस निरिह बिरालोलाई एकपल्ट हेरें, तर के... .. ? उसको आँखाको दिल भरी मोती झैं टल्केका आँशु देखि मेरो मन पनि रोयो । जति नै माया लागेपनि मलाई त्यस बिरालोबाट भोग्नु पर्ने यातनाले गर्दा घरमा राख्न मने सकिन ।

दिन बिते, महिना बित्यो, तर मैले त्यस पंजाधारी बिरालालाई बिर्सन सकिन । बिरालोको अनुपस्थितिले गर्दा मेरो घर नून नपुगेको तरकारी झैं खल्लो महशूस हुँदै गइरहेको थियो । खाना खान बस्दा संगै खाइरहेने बानी, मलाई त्यसको अनुपस्थितिमा गाँस निल्न गारो भैरहेको थियो । तैपनि फर्केला भनी वसेको निर्मोही फेरि फर्केर आएन ।

तर मेरा भावक मनमा भने त्यस बिरालाले सम्पूर्ण मानव जातीमाथिनै व्यंग्यपूर्वक उपहास गर्दै गा

झें लाग्न थाल्यो। प्राणीमा सर्व श्रेष्ठ कहलाएका मानव जातो तिमीहरू नै हौ! खें मानवीयपन, प्रेम, भावना ?

हो वास्तवमा मैले त्यस विरालोबाट धेरै कुरा सिके तर मैले त्यसलाई नैतिक मूल्य र मानवता देखाउन सकिन। जीवनको यो मोडमा अब मलाई सारै हिनताबोधले सताइरहेको छ। किनभने पशुमा गरिने एउटा विरालोले मेरो सिङ्गो अस्तित्वमाथि प्रश्न चिन्ह खडा गरेको थियो।

इकुवाहाल
काठमाडौं

लघुकथा

फरक

– रमेशजी सजल

उनीहरू दुवै लडिरहेका छन्, साँघुरो सडकको पेटीमा।

सायद उनीहरू दुवै चेतनहीन छन्। एउटा भलादमी जस्तो छ अर्को भिखारी जस्तो।

पुसको दिन हुनाले जाडो निकै चढेकोछ। भिखारी जाडोको प्रभावले दाँत बजाइ रहेकोछ तर सुटबुटमा ठाँटिएकोले भलादमीलाई जाडोको प्रभाव परेको छैन।

मैले दुवैलाई नजिकैबाट नियालेर हेरें– भिखारी लाग्ने व्यक्तिको अनुहारमा भोकको ज्वाला दन्किरहेको छ भने भलादमी झल्किनेको मुखबाट रक्सीको दुर्गन्धित बायु निस्कोरहेको छ। गैंडाकोट– १, प्रकृतिधोक
नवलपरासी

लघुकथा

चोर ! चोर !!

–हरिशरण थापा

सावित्री माँडा माझेर जूठोपानी फाल्नलाई रछ्यानमा गई। घरको पल्लोपट्टिको पेटीमा अधर्बैशे केटो बैसिरहेको रहेछ, आँसीको साँझ हुनाले राम्ररी ठम्याउन नसके पनि सावित्रीको आँखा त्यही व्यक्तितिर पर्न गयो। शायद यही मौका हो बोल्ने भन्ठानेर होला त्यो अधर्बैशे सावित्रीको नजिक आउँदै भन्यो, "चुरोट सल्काउन सलाई होला!" सावित्रीको मुटुले ढ्याङ्ग्रो ठोक्यो, बोली फुट्न सकेन। फेरी उनको घरमा कोही थिएन, थियो त एउटै सात वर्षे छोरो। आफ्नो लोग्ने भनाउँदो अर्को स्वास्नी लिएर शहरमा बस्न गएको थियो। कतै यही एकान्तको फाइदा उठाउन घर चोर नभएर दिल चोर त आएको होइन। नत्र किन चुरोट सल्काउन सलाई माग्छ त? यसरी ऊ के के सोच्न थाली। आफुले भनेको कुराको जवाफ नपाएर होला फेरि त्यसले मायालु मायामा "चुरोट खानु हुन्छ" भन्यो। उसले कामेकी स्वरमा "चुरोट सुरोट म केही खान्न" भनी। "आजलाई बास पाइएला?" त्यसले वर सर्दै भन्यो र उनको छातीमा आँखा गाडयो। छातीमा लर्कने तिलहरी थिएन अनि टल्कने सुनको सिकी पनि थिएन, थियो त झुण्डेको दुई डोरा पोते र यौवनले उठेको प्रष्ट छाती। यस्तो गिद्धे हेराई देखेर सावित्री चिच्याउन पुगी, "चोर! चोर!! चोर आयो...! त्यो अधर्बैशे फुत्त उछिट्टिएर कता गयो कता। यतिबेला सम्म नबोलेको छोरो पनि एकाएक आमाको स्वरमा स्वर मिलाउन थाल्यो "चोर! चोर!!"

–बालकोट–१
भक्तपुर

शून्य समय

—रुद्र नावली

बसमा छुट्टो राख्ने ठाउँ पनि थिएन । ठेलमठेल धकेला धकेल । सिटमा बस्ने भन्दा उभिएर यात्रा । गर्नेहरूको संख्या धेरै थियो । उभिनेमा युवतीहरू पनि थिए र तो युवतीहरूको पछाडी लाम्पुच्छे कपाल पालेका ठिटाहरूको लाइन लागेको थियो । कुनै युवती बसमा प्रवेश हुनासाथ सिटमा बसेका केही लाम्पुच्छेहरू पनि आफु बसेको सिटमा अर्कै मानिस बसालेर युवतीको पछाडी लाइन लाग्न पुग्दथे । म संगै एक युवती बसेको थिई र बस भित्रका आकर्षणमध्ये ऊ पनि एक थिई ।

बस स्टेशनबाट प्रस्थान गरेको केही समय पछि त्यो स्थानमा आएर रोकिएको थियो र छिटो चल्ने कुनै लक्षण पनि थिएन । समसामयिक राजनैतिक भावाभा त्यो समय एक किसिमको शून्य समय नै थियो । बस भित्र भिन्न भिन्न विषयमा प्रसङ्गविहीन बहस भैरहेका थिए ।

"म त डराएको थिएँ । धन्य ! भन्सार गेटमा झोला खोलेन र पो । नत्र-विश्वास पर्ने ।"

"साला कामचोरहरूलाई पैसा असुल्ने फुर्सत छैन, के खोल्थे; हो रा ।

यहाँको पियनले मेन बजारमा चार तले घर बनाएछ । भन्सार भनेको भन्सारै हो ।"

"ल-ल, छ-छ, नछोड यार, नछोड । यस्तो मौका सित्तिमित्ति आउँदैन ।"

"मोज गर यार मोज गर । त्यस्ता संग त छोइए पनि गति परिन्छ ।"

"अहिल्यै के को मोज ! गाडी चलेकै छैन । स्पीड गाडीमा इमर्जेन्सी ब्रेक लागे पो मोज ।"

× × ×

"गुरु .. जाऊँ जाऊँ । आइ सक्यो ।"

आउन दे मा (') लाई । मा... गाडी पनि... जाजा । कान्छा धकेल ।"

"गुरु हान्नुस ।"

"अलि बल गर कान्छा, नत्र घरकी स्वास्नीले पनि छोडेर भाग्ली ।"

× × ×

गाडी गतिमान भए पछि लाम्पुच्छेहरूको गतिविधि अझ सक्रिय हुन थाल्यो ।

"आँखा छैन तेरो ? "

"बसमा चढे पछि छोईन्छ भन्ने थाँ छैन तंलाई .. रण्डी ।"

"मुख सम्हालेर बोल । बोली महङ्गो पर्ला.. सुकुल गुण्डा ।"

"धेरै पोज नदेखा है ! मैले भन्या छ । यो भैरहवा

हो, भेरहवा ।"

यस्तै तछाड मछाड र व्यस्तताले आबाद थियो बस । मेरो नजिकको चुम्बकीय आकर्षणबाट म पनि विमोहित थिइन र लाग्यो ऊ पनि निरपेक्ष थिइन ।

"दाइको घर कता ?"

"... .. .."

"गुल्मी भनेको पहाड कि तराई ?"

"... ... ..." ।

"ए ! मलाई त थाहै थिएन । मेरो बुटवल ।

... ... ?"

क्याम्पस पढ्दै छु । तपाई ?

"... ... ... ?"

कर्मचारीलाई त मोज छ मोज हैन त ?

"क्या मोज छ यार ! हेर हेर वसी वसी मोज गर्दछ ।

+ + +

"क्या च्याँक छ यार !" भाग्य थी भन्दा कम छैन ।

"त्यसै पातलोलाई लाइन मार्नु पर्छ ।"

"देखा गोठालो जस्तो छ । त्यस्तोसंग बस्न पाउँदा मख परेको छ ।

× × ×

"लडियो, लडियो । प्रजातन्त्रको लागि जीवन भर लडियो । सात सालको क्रान्ति पनि लडियो, ०१७ सालमा जेल पनि परियो त्यत्रो लडाइ लडेर खै के पाइयो ? अहिले आफ्नै पार्टीले पनि उचित मूल्याङ्कन गर्न सकेन ।"

"प्रतिगामी... प्रतिगामी ! को हुन यो प्रतिगामी ।"

"कालाबजारीया पनि कम प्रतिगामी होइनन ।"

"प्रसङ्गवस बहुबलीय जनवाद ।"

"उग्रवादीले पुनरुत्थानवादलाई निम्त्याई रहेछन ।"

"अब त गोरिल्ला युद्ध ।"

"नौलो जनवाद, ।"

+ + +

"प्रजातन्त्र आयो... ... आयो रे ! कस्लाई आयो, कसलाई ।"

"धेरै त रक्सी मट्टीमा आयो ।"

"त्यसपछि नेता र ड्राइभरहरूलाई आयो ।"

"रक्सी त कोदाको नै मीठो ।"

टु वर्ग भन्दा सानमिगेल राम्रो ।"

"नपाउनेलाई ठर्रा नै राम्रो ।"

× × ×

"व्यर्थै भो ! भस्मासुरको पेरोस्त्रोइका ।"

"रूसमा विखण्डनको मेघ चर्कदा भारतमा पानि पऱ्यो ।"

"हुन पनि त टक्करको दोस्रो शक्ति नभए पछि, भएन त अमेरिकी साम्राज्यवादको खतरा ?"

"निकृष्ट सोचाई र विकृत मनस्थितिको उपज हो यो ! विश्व अब भने एक नयाँ युगमा प्रवेश गऱ्यो ।"

"खाडी युद्ध सद्दाम र बुश; दुवै यमदूत ।"

"वार त बहुत खतरा कुरो हो ।"

"छोडदे यार, वार-स्वारका कुरा । त्यस्ता वार त कति लडियो कति । अहिले पो बुढो भइयो र ?"

"वार नलडे पनि सुन्न त मैले पनि सुने ।

के सुन्यो ?"

"गोर्वाचोभको आशा मरेको छैन । पालो फर्केर आउन पनि सक्छ ।"

यतिञ्जेल सम्ममा शून्य समय समाप्त भएको घोषणा गर्दै डाइभरले गाडी च्याञ्च रोक्यो । सबै यात्री बसबाट ओर्लन थाले र म पनि आफ्नो बाटो लागें ।

स्वाती-गुल्मी
हाल- नवलपरासी

दुर्व्यसन अनि दुई प्रेमी

– डा. मथुरा के. सी.

एम. बि. बि. एस. डिग्री हासिल गरि ढाका मेडिकल कलेज अस्पताल 'ईन्टर्न शिप' गरि रहेको शुरुको अवसरमा, डा. निर्मल 'सर्जिकल यूनिट' ५ मा पोस्टेड थिए। ५–६ वर्षको संघर्षशील अध्ययन पछि डाक्टर भएका जवान ठिटाहरू जो विवाहित थिए, उनीहरू त आफ्नै परिवार अनि बाल बच्चाको समोन्नति कसरी गर्ने भन्ने विषयमा सोच विचार गरिरहन्थे, तर सबैको बरी करीब ५० प्रतिशत जो विभिन्न कारणले अविवाहित थिए, तिनीहरू यो एक वर्षे तालिम काल कसरी आनन्दमय बनाउने भन्ने तिर बढि ध्यान दिन्थे। डा. निर्मल पनि दोस्रो थरिको नौजवान नेपाली डाक्टर थिए। रङ्ग-रमाईलो पनि गरि हालो भन्ने उनको उत्कण्ठा थियो।

वार्ड अनि 'अपरेशन थेटर'-को काम सकेपछि, ड्यूटि नभएको बखत डा. निर्मल साँझ 'अमेरिकन कमिसरी' गइ अङ्ग्रेजी फिल्म हेर्ने बियर खाने तथा ठिटो साथीहरू सित कहिले चिनिया रेष्टूरां त कहिले शहरका पार्कहरू या मेलाहरूमा घुमफिर गरि रमाईलोसंग समय कटाउँथे।

एकदिन साँझ पख, 'डाक्टर्स क्यान्टीन' मा चिया पिईरहेको बेला, डाक्टर निर्मल आपना समकक्षी डाक्टर साथीहरू सग थिए। डा. निर्मल अति हाँसी खुशी, फरासिला र मिलनसार व्यक्ति थिए। उनका साथीहरूले डा. निर्मललाई ठिटोहरूसित मिल्ता गास खप्पिस भन्थ्थे। हुनपनि डा. निर्मल श्रेष्ठ डाक्टर हुनुको साथै यस क्षेत्रमा पारंगत नै थिए।

पल्लो पट्टीको टेबुलमा एउटी अति राम्री ठिटी बसेकी थिइन छोटो पारी काटिएको केश, जिनको कमिज, जिनको पेंट, गोरो अनुहार अनि चंचल आँखा, अति आकर्षक प्रतीत हुन्थिन् सबै डाक्टरहरूको आँखा उनी माथि केन्द्रित थियो। पत्तिकैमा एक साथीले भने-निर्मल ! यदि तिमी यस ठिटी संग दोस्ती गर्न सफल भयौ भने, मेले सबै साथीहरूलाई ५–पटक सम्म चिनिया रेष्टूरांमा लगी राम्रो भोज खुवाउनेछु।" डाक्टर निर्मल पनि यस प्रस्तावलाई स्वीकार गरि अब कसरी यो ठिटीसग नजिक होउँ त भनि सोचन् साथ के लागी रहेका थिए, यसैबिच एक अधबैंसे लोग्नेमान्छे– 'निर्मल' दादा! सलाम आलेकुम। भन्दै आई पुगे। यी भद्र पुरुष थिए बुलबुल भाइ। निर्मल संग बेला मौकामा भेंट हुँदै आएका। उनले एकैचोटी निर्मल दादा आउनोस मेरी बहिनी 'बेबी' लाई भेटनोंस भनि बिनाइ दिए। अब के चाहियो डा. निर्मललाई "के खोज्दस् काना ? आँखा" भइ हाल्यो।

सुश्री बेबी होली क्रस कलेजमा दोश्रो वर्ष आइ. एस. सी. मा पढ्थिन् ठिटोले हात बिडन्, हात मिलाए। उन्को अंग्रेजी भाषा अति राम्रो थियो। धेरै बेर सम्म उनीहरु अंग्रेजीमै विचारधाराको आदान प्रदान गरे।

'बुलबुल' भाइको आमालाई, मधुमेह, र उच्च रक्तचापको रोग रहेछ, त्यही अस्पतालको एक वर्षाबिनमा भर्ति थिइन्। मधुमेह र रक्तचापले गर्दा उनका दुवै आँखा अन्धा भइसकेका थिए। अब डा. निर्मल प्रायः जसो बुलबुल भाइ अथवा बेबीको आमालाई भेट्ने निहुले वर्षाबिनमा पुग्थे। अनि घंटौसम्म बेबी संग बिताउँथे। जसो जसै दिन बित्दै गए डा निर्मल र बेबीको मैत्रीले उग्रुप लिंदै गयो। रोमान्स बढ्दै गयो। उनीहरु थपक्क टाँसिएर संगै बस्थे होका थुनेर स्वाइ लाग्थे अनि अन्धी बिरामी आमालाई एक बचिंचे सुसारे संग छोडी, सिनेमा, पार्क, अनि रेष्टुरां चहार्थे।

बेबी बृटिश एम्बसीले अंग्रेजी बोल्थिन र उन्को लोग्ने अध्ययनार्थ लन्डन गएको १-२ वर्ष भइसकेको रहेछ। त्यसैले बेबीमा मनस्तापका लक्षणहरु देखा परि सकेका थिए। उनी प्राय जसो सधैं 'डिप्रेस्ट' रहन्थिन। आफ्नो एकलोपन र नैराश्यता बाट उध्जिएका लक्षणहरु दूर गर्न आफ्ना समकक्षि दुर्व्यसनी साथीहरुसित तिनीले गाँजा, भाङ चरेश, डाएजेपाम, मोगाइन, र म्याण्ड्रेक्स आदि विभिन्न वस्तुहरु प्राप्त गरि सेवन गर्न गथिन। तर यो कुरा भने उन्का नातेदारहरुलाई थाहा थिएन। जब डा. निर्मल बेबी संग बढि नजिक हुंदै गए, बेबीले एक एक कष्ट र समस्याहरु पेश गर्दै गइन।

डा. निर्मलले पनि बेबीलाई अति माया गर्थे तर गन्तव्य निर्धारित थिएन। बडो अक्सम्मको माया, अचम्मको संबन्ध नबी जस्तो भएर पनि बिचमै सोसिएर समुद्र सम्म नपुग्ने हो की भन्ने आशंका, बतास जस्तो भएर पनि गति शीथिल भई पहाड सम्म नछुने हो की भन्ने चिन्ता। निर्मल हिन्दु थिए र उनी मुस्लिम। यो दुबैको दोस्ती अब एक कान दुइ कान भंदान हुंदै सारा अस्पताल लाई थाहा भयो।

कुनै कुनै रात, डा. निर्मल र बेबी सर्जरीका प्रोफेशरको कोठामा होका थुनेर चुरोट र भाङ तानेर बिताउँथे। घटौसम्म गफ हुन्थ्यो गफको सिलसिलामा, अनि रातको एकाग्रतामा रोमान्सको वातावरण स्वत शुरु हुन्थ्यो। स्वाई खाने र स्वाब्लांग टाँसिने कुराहरु त सामान्यनै भएका थिए।

डा. निर्मलमा, आकर्षक व्यक्तित्व विद्यमान हुनुको साथै, असल डाक्टरको क्षमता पनि उन्मा थियो। रोगको 'डायगनसिस' र निदानमा, कनिष्ठ डाक्टर भए पनि प्राध्यापक स्तर सम्म डा. निर्मलको कामको चर्चा चलेको थियो। बेबी संगको मैत्री र सामिप्यले डा. निर्मलको जीवनमा एक चुनौती उत्पन्न गरिदियो। यो थियो– आफ्नो बिलकी रानीलाई दुर्व्यसनको खाडलबाट कसरी मुक्त गर्ने र अस्पतालमा आफ्नो इज्जत कसरी कायम राख्ने। उनलाई थाहा थियो, दुर्व्यसन भयानक रोग हो। उनी यसदेखि नफरत गर्थे तर आजकल बेबीसंग बसेर आफै यस लतमा लागेको नाटक खेली रहेका थिए। उनले बेबीलाई मादक पदार्थहरु खान हुंदैन भनेनन्। शुरु शुरुमा संगै बसेर केही दिन गाँजा र चरेश पिउन साथ दिए जस्तो गरे। अमेरिकी कमिशरीमा लगेर सिनेमा देखाए बियर खुवाए, चिनीयाँ रेष्टुरांमा लगी चिनियाँ खाना खुवाए, र पार्कमा लगी प्रेमका कुरा अनि कोठामा बसि रोमाञ्चका विभिन्न गतिबिधिहरुमा शरीक भए। अब बेबीको जीवनमा रोमाञ्चकारी पक्षको जगजगी, बढि भयो। उनको 'डिप्रेशन' कम हुंदै प्रायः

लोप भएर गयो । गांजा र अरू लागू पदार्थहरूको जरूरत पनि कम हुँदै गयो । तर पनि केही सल्लाह सम्म त 'ग्रास' (गांजा) संगै लाग्न पर्छ भनि जोड गर्थिन अब डा० निर्मलले दुर्व्यसन के हो ? र यसको प्रभाव कस्तो हुन्छ भन्ने विषयमा विभिन्न किताबहरू बेबीलाई पढ्न दिए । यसले मस्तिष्क, ज्ञान र व्यक्तित्वलाई जिर्ण पार्छ र स्वास्थ्यलाई ठूलो क्षति पुऱ्याउँछ । यो समाजको अति खतरनाक रोग हो । समयमा निको पार्न नसके यो रोग समाजका अरू सदस्यहरूमा पनि सक्रिन पुग्छ भन्ने पाठहरू बेबीलाई सिकाउन थाले ।

बेबीको जीवनमा उनको भावी लोग्ने (फिमासे) को वियोग नै यस दुर्लतको कारण थियो । एक दिन दुबैले अब भविष्यमा कहिल्यै पनि लागू पदार्थहरूको सेवन नगर्ने किरिया खाए । हुन पनि डा० निर्मलको प्रेम र दोस्तीको माध्यम द्वारा बेबीलाई दुर्व्यसनको खाडलबाट बाहिर निकाली छाडे । बेबी पनि अब पढाई लेखाईतिर ध्यान दिन थालिन् र डा० निर्मलसंग प्रेम र रोमान्सको माध्यम द्वारा अरू नजिक हुन पुगिन् ।

बेबीको आफ्नी दिदी पनि एक विवाहिता महिला, उक्त मेडिकल कालेजको चौथो वर्षकी छात्रा थिइन् । इर्ष्याको भावना कुन समाजमा हुँदैन र । कलेजका केही विद्यार्थीहरू डा. निर्मल र बेबी संगै हिंडेको हेर्न सक्दैनथे । त्यसैले भए नभएको टिका टिप्पणी गर्थे र दिदीलाई चुकली लगाउँथे । यो सुनेर दिदी धेरै लज्जित भएकी थिइन । एक दिन बेबीको भिनाजुले, डा० निर्मललाई बेइज्जत गर्नसम्म तम्सिएका थिए तर बेबीले यो सहन नसकी जवाफमा "तिमी आफ्नै मेरो दिदीको अनुपस्थितिमा मसंग रोमान्स गर्ने कति असफल प्रयास गरि सक्यौ तिमी पनि आफ्नी पत्नी प्रति आस्थाशील र विश्वासी हुनु पर्छ । तिमीलाई मेरो निर्मलसंगको घुलमिल मन पर्दैन, किनकि तिमीमा ईर्ष्याको भावना भाव छ ।" केही क्षणमै बेबीकी दिदी शाहानाज पनि त्यही आइ पुगेर र अनुनयपूर्ण निवेदन गर्न थालिन्–"निर्मल बा' मलाई मेडिकल कलेजमा शिर ठाडो पार्ने मुश्किल भयो, म मान्दछु तपाईहरू २ जनाको मैत्री स्वच्छ छ तर यी आवारा ठिटाहरू हजार किसिमका कुरा गर्छन् मेरो घेरै घेरै बिन्ती छ कृपया मलाइ यस लाजमर्दो स्थिति बाट उद्धार गर्नोस ।" शाहानाजको मृदु, अनुनयपूर्ण वचनबाट डा. निर्मल निकै नै प्रभावित भएर अब अरू बेबीसंग भेट नगर्ने वचन दिए ।

तर प्रेमको आगो न हो सल्किए पछि हुवारहुवारती बल्दो रहेछ । निभाउन कम गाह्रो हुन्छ यस्लाइ ! डा. निर्मल त उमेरका पाका, विचारका पक्का, आत्म नियंत्रणको केही मात्रा अवश्यै थियो तर बेबी भने आउन छाडिनन । उनी लुकी-लुकी डा. निर्मलको निवासस्थानमा आउँथिन । पुनः उनीहरूको दोस्ती यथावत जारी रह्यो ।

एक वर्ष पनि कति छिटै बिति सकेछ । बेबीको लोग्ने लंडनबाट प्राविधिक तालिम सकी स्वदेश फर्के । पारिवारिक बन्धन बढि हुन थाल्यो । उनको विवाह छिटै हुने भयो । एकदिन झंडैवटी सम्मको गफसफ, रोमान्स अनि रुवावासी पछि, अब पुनः यस्तो रोमान्सकारी सुयोग डा. निर्मलसंग संभव नहुने कुरा व्यक्त गर्दै बेबीले विदा लिइन । उनलाई दुर्व्यसनको खराब लतबाट मुक्ति दिई नयां एवं स्वच्छ जीवन प्रदान गरेकोमा निर्मल प्रति ठूलो आभार र कृतज्ञता व्यक्त गरिन । अनि निर्मलको गालामा आखिरी म्वाई खाइन् । यो क्षण यति हृदय विदारक भयो की डा. निर्मल अनि बेबीका दुवै आँखाहरूबाट आँशूको भेल बगी रह्यो मुखबाट शब्दहरू

फुटेनन, केवल आँशु आँशुको धारा मात्र । गलाबाट सुंबक सुंबकको आवाज मात्र ।

त्यो रात डा. निर्मललाई खाली खाली लाग्यो जीवनको अति निकटतम साथी हराए जस्तो लाग्यो । कोठामा एक्लै बस्न सकेनन । होटल इन्टरकन्टको 'बार' मा गई ह्विस्की र संगीतको सहारा लिन पुगे । केही दिन यस्तै क्रम जारी रह्यो । एकलोपनाले उनको मनस्थिति र जीवन लयालिग जस्तै पार्‍यो । समय बित्दै गएपछि बल्लिएको घाउ पनि ओझाउँदै गयो । तैपनि मनमा लागेको प्रेमको अमीट छाप त्यति सजिलै कहाँ मेटियोस ! संझ्यो की भावनाको आकाशमा विरहका बादलहरू जमा हुन्थे, मेघ गर्जिन्थ्यो, अन्तस्करणमा चटांग पर्थ्यो । आँखाबाट मुसलधारे वर्षा हुन्थ्यो ।

बेबीको रहमानसंग बिवाह हुने तारिख तोकियो । बेबीले डा. निर्मललाई बिवाहको आमन्त्रण कार्ड पठाइन । डा. निर्मल पनि बेबीको बिवाह उत्सवमा शरिक भए– आकर्षक जापानेली कप प्लेटको सेटको उपहार बोकेर । उपहारको प्याकेटको बाहिर रातो अक्षरमा लेखिएको थियो–

"दुर्घटना महान सामाजिक अपराध हो तर रोमान्स जीवन पथको क्षणिक चिप्लेटी खेलाड मात्र ।"

卐 – इरान

गीत

– वीरेन्द्र राई

अब यस्तो लाग्छ जीवन फूलसँग नाता छैन
आपनो भन्थ्यो जस्ले मलाई उ नै मेरो आफन्त हैन

मेरो आकाश म मित्र नै उज्यालो मै कालो भो
जिन्दगीको लक्ष्य सबै उभो नगै ओह्रालो भो

यस्तो जीवन भोग्नु पर्दा यो जुनीमा उदास छु
आँशी बोकी आफैमित्र भौतारिने म रात हुँ !

दुनियाँले पागल भन्लान् स्वीकारेरै बाँची दिन्छु
जिन्दगीको यात्रा बीच काँढा माथि नाँची दिन्छु

के 'रै' छ र जिन्दगी यो छल/कपटको दाउ जस्तै
बाढी आउँदा भंगालोमा डुबी जाने नाउँ जस्तै !

×

With Best COmpliments On The Oecasion of

VIJAYA DASAMI

Alpine Travel Service (Pvt.) Ltd.

Durbar Marg Kathmandu
P. Box 1787 Tel. 210115, 225020

कविता

निर्दयी पो रैं'छ घोप्टे भीर

– उज्वल जी. सी.

भूगोलको सुक्ष्म विन्दुमा लुकेर बसेको
नेपालमं रहेर प्रायः नेपालीहरूसंग अपरिचित
एउटा भयानक राक्षस पो रहेछ– घोप्टे भीर
सायद, मानिसहरूको साहसी पैंतालाः–
शिरमा नपरेर हो कि ?
शून्यताको छट्पटिमा आडम्बरको पराकाष्ठामा
रगत चुस्ने अभिप्सा बोक्दै–
भोको चितुवा झं बसेको रहेछ– घोप्टे भीर
कस्तो आश्चर्य !
थुप्रै-थुप्रै मानिसहरू मारिए
थुप्रै-थुप्रै सम्पतिहरू नासिए
तर घोप्टे भीर– विश्वको आँखामा–
निर्लज्जपूर्वक बाँचेको छ
खैत! दोषारोपण उसले कसैबाट पाएन
मानिस न हो हामी आखिर
मृत्युको अपंजस भाग्यलाई दिएर सन्तोष लिन्छौं
मृत्युको दोष कर्मलाई दिएर पीडा बिसंन्छौं
अझ,
मृत्युको सम्झना अखबारमा दिएर
विक्षत हृदयलाई धैर्यले बाँध खोज्छौं
विकल्पित बज्रपातको–
एउटा विकल्प मात्र हो मानिसहरूको यो
जे होस्, अज्ञानताले, भावुकताले–
घोप्टे भीरलाई निर्दोष ठान्लान्
तर, असंख्यलाई एक चिहानमा होमेर–
लाखौंको मनमा क्यान्सर सल्काई दिएको छ ।
हो,
चाहे दुर्भाग्यले भनौं
चाहे कुदिनले भनौं
चाहे भावीको लेखाई नं यस्तो भनौं
यो सबको सिङ्गो रूप घोप्टेभीर बनेको छ– आज
कस्तो विडम्बना !
मृत्यु र आँसुले शिथिल वर्तमानमित्र
एयरबसले भेट्टिएको नाक देखाउँदै
अझ ठिङ्ग उभिरहेको छ–
हुस्सुको पछ्यौरी ओढ्दै– निर्दयी घोप्टे भीर !

卐

"प्रेम हो सिर्जनानो प्रथम विधि यही विश्व आधार जान". – महाकवि देवकोटा

मैले चिनेका नेता

– राम प्रसाद पन्त

जन आन्दोलन अघि–

भेटघाट हुंदा नेताजी भन्ने गर्नु हुन्थ्यो– यो तानाशाही व्यवस्थाले न जनताको भलो गऱ्यो न देशको । 'न भूतो न भविष्यति, पछि पनि गर्ने छैन । हामीले त्यो सास्ती खाएर त्यो दुःख पाएर त्यो यातना सहेर राणाशाहीलाई फाल्यौं, भागेको राजालाई कांधमा चढाएर देश भित्र्याऔं– आखिर फाइदा कसलाई भयो त ? राजालाई । अनि उसका पृष्ठपोषकहरूलाई । हामीले बोलेको कुरा त सुन्दै सुन्दैन । केही गर्न खोज्यो बाधा, विरोध, अवरोध, प्रतिबन्ध, नजरबन्द । हामीले चाहेको त प्रजातन्त्र हो । जनताले प्रजातन्त्र पाउन, रैतीबाट मुक्त होउन्' देश उभो लागोस्, विश्वको दोस्रो गरीब राष्ट्रबाट पहिलो हुन नपाओस् ।

म भन्ने गर्थें – हामी त तपाई जस्तो प्रजातन्त्रको लागि समर्पित हुन सकिएन । त्यस्तो अरू कुनै त्याग तपस्या गर्न पनि सकिएन । विहान बेलुकाको समस्याले गर्दा यसै व्यवस्थाको गाथा गाएर जागिर खाइयो । तर यो नठान्नुस् कि हामी यसै व्यवस्थामा समर्पित भयौं । प्रजातन्त्र प्रति हाम्रो ठूलो आस्था र विश्वास छ, जहाँ र जहिले पनि हामीले आपनो क्षेत्रबाट प्रजातन्त्रको लागि गर्नु पर्ने योगदान गरेकै छौं र गर्ने छौं ।

यो सबै कुरा कि त नेताजीको घरमा बसेर गरिन्थ्यो कि त मेरो घरमा । त्यसैमा पनि ढोका थुनेर, अत्यन्त सावधानी साथ । अन्यथा मेरो दानापानी छुट्ने कुरामा कुनै विषय वा कारणको आवश्यकता पर्दैनथ्यो । नेताजीको त जेल पस्ने र निस्कनेको के हिसाब किताब !

नेताजीले बेला बेलामा पर्चा पोष्टरिङ्ग र सभा सम्मेलन कार्यक्रम आदिको संचालनार्थ म बाट केही सहयोग मागून् हुन्थ्यो । मैले छाप्न नामबाट सबैको सहयोग प्रदान गर्थें ।

यति मात्र होईन नेताजी र म बीच व्यक्तिगत सहयोग पनि चल्थ्यो । उहाँ बिरामी भएको बेला मैले विभिन्न रूपबाट सहयोग गरेको छु र मेरो परिवार बिरामी हुंदा पनि उहाँ आधा रात नभनेर भेट्न आउनु भएको छ । मैले उहाँको घरमा जस्तो स्वागत पाएको छु त्यो भन्दा पनि बढि मेरो घरमा आउंदा उहाँलाई इज्जत र सम्मान साथ आतिथ्य सत्कार गरेको छु ।

उमेर ले म भन्दा नेताजी निकै जेठो हुनुहुन्थ्यो तापनि उहाँ र म बीच मित्रवत् व्यवहार हुन्थ्यो । बाटोमा हिंडेको बेला मैले नदेखे पनि उहाँले बोलाएर घण्टौं गफ छाट्नु हुन्थ्यो तर सीमित घेरा रहेर । त्यस

बेला गुप्तचरको विगबिगी थियो । मलाई त्यसरी उभिएर नेताजीको गफ सुन्दा पनि सन्त्रास पैदा हुने गर्थ्यो ।

जन आन्दोलन पछि–

आन्दोलनको क्रममा नेताजी जेल पर्नु भयो । म भेट्न गएको हुं तर नेताजीलाई अन्तै सारिएछ, भेट भएन । जन आन्दोलनको चरमोत्कर्ष पश्चात बहुदलको घोषणा भयो । सबै राजनैतिक बन्दीहरू छुटे तर उहाँलाई मले धेरै दिनसम्म भेट्ने अवसर मिलेन । एकासी उहाँ टहीलेलको खुल्लामञ्चमा देखिनु भयो । त्यसपछि म एकैचोटी बधाई र शुभकामना लिएर नयाँ वर्षको प्रारम्भमा नेताजीको घरमा पुगें । उहाँ धेरै राजनैतिक कार्यकर्ताहरू संग कुराकानी गर्नमा व्यस्त हुनु हुन्थ्यो । मैले खाली आफुले लिएर गएको सौगात टक्याई कुर्ने नगरीकन फर्कें ।

केहिदिन पछि म फेरी गएं, उहाँ विरामी पर्नु भएको रहेछ । सोचें– ठिकै भो मौकामा आइएछ । तर नेताजीको श्रीमतीले मलाई बाहिरै रोकेर भनिन्– होइन, डाक्टरले कसैसंग पनि नभेट्नु भनेको छ, अहिले भाषण गरेर बाहिरबाट आए देखि विरामी पर्नु भएको छ । खानपीनमा गडबड भएछ, सुत्ने व्यवस्था पनि राम्रो भएनछ । आयोजकहरूले नेताको तह अनुसारको व्यवस्था मिलाउन सकेनछन् अहिले आराम गर्नु भएको छ, फेरी कुनै बेला आउनुस् । देखेर मात्र जान्छु नि त– मैले पुनः जोड गरें तर उनीले मलाई भित्र जाने अनुमति दिइनन् । भनिन्– 'प्लीज, अहिले उहाँलाई डिष्टर्ब नगर्नुस् । जोसुकै आएपनि भित्र नहुन मलाई झ्हाउनु भएको छ ।' म अलि खिन्न मन लगाएर फर्कें ।

नेताजीले एउटा आमसभामा बोलेको कुरामा आफ्नो धारणा व्यक्त गर्ने र उहाँमाथि एउटा विशेष जिम्मेवारी वा सम्मान थपिएकोमा बधाइ दिन म एक चोटी फेरी नेताजी कहाँ गएं तर उहाँ बाहिर जानको लागि धेरै सहयोगी तथा अनुयायीहरूका साथ आंगनमा निस्की सक्नु भएको रहेछ । विभिन्न सवाल जवाफ र सर–सल्लाह गर्ने क्रममा उहाँको मुखबाट धाराप्रवाह बोली निस्की रहेको थियो । दुई तीन चोटी प्रयास गर्दा बल्ल मैले नेताजीलाई आफ्नो अनुहार देखाउन सफल भएं । हिंड्ने बेलामा मलाई भन्नु भयो– अहिले म ज्यादै हतारमा छु, फेरी आउनुस् न कुर्नेबेला अनि कुराकानी गरौला । अब त्यहाँ मैले दुई हात जोडेर 'हुन्छ त' भन्नु सिवाय दोस्रो विकल्प थिएन ।

उहाँसगको बयो देखिको घनिष्ठ मैत्री माथि सामान्यमा पनि ज्यादै सामान्य र निम्न स्तरीय शैली प्रयोग गरेकोमा मैले देखाएको सरल, सरस र असल सद्भावना प्रति प्रश्न चिन्ह लगाउन आफै बाध्य हुनु पर्‍यो । यस्तै खिन्न र नरमाइलो मनस्थितिमा उभिरहेकै बेला नेताजी गेटबेखि बाहिर निस्केर मोटरमा बसी पनि हाल्नु भयो । म विभिन्न सोचाईको आरोह अवरोहमा डुबुल्की मार्दै आफ्नो निवासस्थान फिर्कें ।

मलाई कुनै कुरा वा घटनाले मानसिक सन्तुलनमा साह्रो धक्का पनि पुऱ्याएमा भने मेरो भित्री सतहमा धेरै लामो समयसम्म अकुशले घोचे जस्तो दुःखी रहन्छ । मैले बारम्बार नेताजीलाई सम्झी रहें–होटेलमा सगै बसेर चिया खाएको, पार्कमा बसेको र विश्व राजनीतिका कुराकानी गर्दै सडक–सडक हिंडेको ।

मलाई ठूलो खुशी त यसैमा हुन्थ्यो– यस अर्थमा कि प्रजातन्त्र आयो, जनताले दासताबाट मुक्ति पाए । त्यसपछिका विभिन्न राजनैतिक गतिविधिहरू, विभिन्न राजनैतिक घटकहरू, पार्टीका अगाडिका कार्यक्रम र

धारणाहरू । अनि त्यस्तो आनन्दको अनुभूति पार्टीसंग सम्बन्धित अनुभवी राजनीतिज्ञ र नजीकको सुपरिचित व्यक्ति भयो भन्ने अत्युत्तम । त्यो भन्दा बढी आशा उनीबाट मैले गरेको थिइन ।

यी कुराहरू सोचेर पनि अझ एक पटक नेताजीलाई भेट्न जाने विचार गरें । मलाई लाग्यो समाज विचित्रको छ । एउटा मात्र पनि नाम कहलिएको व्यक्ति चिना जाना छ भने उसको नामबाट धाक लगाउन पाइन्छ, लामो नाक गरेर दुनियाको अगाडि गफ छाट्न सकिन्छ । त्यस्तै मैले पनि नेताजी सगको पुरानो मित्रतालाई यथावत राखेर गौरवान्वित हुन चाहन्थे । छोटो समय लिएर जाँदा धेरै दिनसम्म थुप्रिएका विभिन्न कुराहरू व्यक्त गर्न सकिंदैन । त्यसैले एउटा छुट्टीको दिन मिलाएर छिट्टै खाना खाई उनको खाने वेला पारेर भेट्न जाने निश्चय गरें ।

म उनको घरमा पुग्दा उनी एकजना ब्याम्पे भुँडो भएको मोटो मान्छेसग बरण्डामा बसेर कुराकानी गरि रहेका थिए । ब्यादै नजिक बसेर सानो स्वरमा कुराकानी भैरहेकोले गोप्य कुरा हुन सक्ने सम्भावनालाई ध्यानमा राखी "द्वाभ्यां तृतीयो ममवामि राजन्, भन्ने उक्तिलाई स्मरण गर्दै उनीलाई नमस्कार गरेर शिष्टता पूर्वक आगनमा लगाइएको बेन्चमा गएर बसें । 'यतै आउनुस् न त, भन्ने औपचारिकता पनि पुरा नगरेकोमा केही खल्लो त अनुभव भएको हो, तर प्रकट गर्न कुरा भएन । कुरा भावमुग्ध स्वरमा अगाडि बढि रहेको थियो । उनीहरूको हात र टाउको हल्लाईबाट लाग्थ्यो कुरा निकै सम्भेदनशील र महत्वपूर्ण छ । कुरा अकण्टक अगाडि बढि रहेकोले टायम पास गर्न मैले यताउता दृष्टि लगाउँदै थिएं । घरको भित्तालाई पनि प्रजातन्त्र लागेछ– अहिले त टिलिक्क टल्कने भएको । बगैंचामा फूलेका फुल र दुई चार बटा फलतरूले बगैंचा शोभायमान थियो । घर आँगनको मरम्मत सम्भारले पनि घरको चमक दमक अरू बढेको थियो ।

यिनै दृश्यहरूमा मग्न मस्त भएको थैला उनीहरूको कुराकानी सकिएछ, मलाई पत्तै भएन । त्यो बाहिरबाट आएको मान्छे म छेउ हुँदै निस्केपछि पो थाहा पाएं । अति मात्रैले त कुनै ठूलो आश्चर्य हुने थिएन, आश्चर्यमा पनि ज्यादै आश्चर्य लाग्यो कुरा त त्यहाँ पो भएछ –नेताजी घरभित्र पसेर ढोका थुनी सक्नु भएछ । मेरो मन मस्तिष्कमा ठूलो धक्का लाग्यो । म एकछिन त्यसै रन भुल्लमा परेर उभिएं, के गर्ने के नगर्ने कुनै निर्णय गर्न सकिन । मनमा लाग्यो– नेताजी त्यस्तो मान्छे त होइन– जसले मलाई यस प्रकारको निकृष्ट व्यवहार गरोस् : प्रजातन्त्र आउनु अघिका तो मित्रवत व्यवहारहरू के भुली सक्नु छन् र ? कामको चक्कर मा विस्मृति भएको हुन सक्छ । कर्तव्य त पुरा गर्नु पर्यो । म गएर ढोका ढकढकयाएं । भित्रबाट एक जना मान्छेले ढोका खोल्यो । जसको अनुहार मैले त्यस अघि देखेको थिईन त्यो नयां नियुक्ति भएको हुनु पर्छ । त्यसलाई भनें–नेताजीलाई भेट्नु थियो कता हुनुहुन्छ ? उहाँ अहिले भान्सामा हुनु हुन्छ । भन्नु भएको छ– कोही मान्छे आयो भनें भनी दिनु– 'आज उहाँलाई फुर्सद छैन, भोली आउनु'– उसले जवाफ दियो । मैले आपनो नाम बताउँदै भनें– अघि आएको साथीले भेट्न खोज्नु भएको छ भनी देउन– भान्सा गरुन्जेल म यही बसी राख्छु ।

उ मिनेट में भित्र पसेर बाहिर निस्क्यो र भन्यो तपाई पनि अरू कुनै दिन फुर्सदको वेला आउनुस् अरे खाना खाई सकेपछि एउटा अत्यन्त जरूरी गोप्य काम सकि हाल्नु पर्ने छ अरे !

त्यसपछि म गन्हौं ज्यान लिएर उठें र केही नवोलिकन खर्लप्प फर्कें – शायद नेताजीको अमूल्य एवं महत्वपूर्ण र गोप्य समयलाई कहिल्यै बाधा नपुऱ्याउने मनशाय राखेर ।

बलेटक्सार गुल्मी

लघुकथा

स्मृति-कथा

– वसन्तप्रकाश उपाध्याय

एकबोटी बाको जिद्दिले ज्योतिषकोमा हात देखाउन गएको थिएँ । हात हेर्दै उनले भनें: "अहो ! यस्तो हात त देखेकै थिईन । विद्या-रेखा पूरापूर , धनको त कुरै नगरौं । ऐश्वर्यशाली धनधान्यपूर्ण जीवन ।"

त्यसपछि बा र म मुस्कुराएका थियौं ।

– "हैन यो काले किन टोलाएको छ हुँ ? भांडा माजेर छिटो ले'रा ।"

साहुजीको बोलीले म झस्कन्छु । साँचनै नै त्यो स्मृति अहिले कथा बनेर प्रस्तुत छ ।

卐

गीत

– तारा कार्की

मैले टेक्ने गोरेटोमा काँडा टाँगिएछन्
आकांक्षाका जून माथि बादल ढाकिएछन्

खुशीका यी रहरहरू हुरी जस्तै उडे
देखेको थें सपनाहरू छाती भित्रै जले
व्यथा मेरो यति बढ्यो भित्रभित्रै पोल्यो
गहबाट आँशु बग्यो मन झनै गल्यो

बदलिंदो मौसम यो घाम पानी रैछ
जिन्दगीको रीति भन्नु सुख दुःख रैछ
बेहोशी छु यतै कतै आफै हराउँदै छु
बैरागी भो जीवन सारा मृत्यु सजाउँदैछु

×

With Best Compliments

On The Occasion Of

VIJAYA DASHAMI

Zenith Travels (P.) Ltd.

GSA for DRAGONAIR HKG

DURBAR MARG, P.O BOX 4163, KATHMANDU, NEPAL.

Tel. 223162, 223502, Telex: 2414 ZENITH NP. Fax: 977-1-227132

पुस्तक–परिचय

– ठाकुर

कृतिः– कविका कविता
विधाः– कविता संग्रह
कविः– शान्त बहादुर थापा
संस्करणः– प्रथम वि. सं. २०४९ ५०० प्रति
प्रकाशनः– असीम प्रकाशन प्रा.लि. लाजिम्पाट
पृष्ठः– ६०
मूल्यः– १६ (सोह्र)

नेपाली साहित्य जगतमा यदाकदा पत्र पत्रिकामा फाटफुट देखिन भए पनि पुस्तकको रूप लिएर उदित भएका नव प्रतिभा कवि शान्त बहादुर थापाले २५ वटा कविता रूपी पुष्प गुच्छा 'कविका कविता' को संग्रह हाम्रो सामु राखिदिएका छन् ।

'यात्रा अविराम अगाडि बढि रहोस' वरिष्ठ कवि माधव घिमिरेज्यूको शुभ-कामना र प्रा. जगन्नाथ त्रिपाठीले भूमिका लेख्नु भएको छ । यस कविता-संग्रहको विषयमा प्रा० घटराज भट्टराईले पनि अभिव्यक्ति दिनु भएको छ । यी विद्वान्हरूको अभिव्यक्तिबाट यस संग्रहका कविताले के कस्तो मार्ग दर्शन गर्न खोजेका छन् भन्ने प्रष्ट हुन्छ । यसै सिलसिलामा व्यक्त भएको छ– "युवा कवि थापामा छन्दको मोह जो टुवाएको देखिन्छ, त्यसलाई मलजल र गोडमेलको खाँचो नितान्त आवश्यक छ तर न सप्रने चाहिं छैन" यस कथनबाट भविष्य उज्यालो भएको स्पष्ट छ ।

"कविका कविता" शीर्षक यो संग्रहको पहिलो कविता हो । सु–संस्कृत भाषामा अभिव्यक्त भएको छ र अनुप्रास युक्त छ । यस संग्रह भित्रका कविताहरूले अनेक सन्देश द्वारा मार्ग पहिल्याउन अग्रसर गराउँछन् । गद्य कविताको लहर चलेको अहिलेको परिप्रेक्ष्यमा कवि थापाबाट छन्दोबद्ध कवितामा कलम चलाउनु नेपाली साहित्य फाँटको लागि गौरवको कुरा मान्नु पर्छ ।

जहिले पनि राम्रो पक्षलाई अवश्य अगाल्नुपर्छ । परम्पराको रूपमा नराम्रा पक्षहरू हाम्रो सामु देखा पर्दछन् भने त्यसलाई मिल्काउन धक मान्नु हुँदैन । कविता विधामा देखा परेको शैलीले कहीं हाम्रो गरिमालाई नै झिल्काउने त हैन यो विचारणीय रहेको छ, त्यसैले केही भएपनि छन्दोबद्ध रूपमा रचनाहरू आउँदा रमाइलो लाग्छ, त्यो यस संग्रहमा परेका कविताहरूबाट प्रयास जारी छ भन्ने संकेत मिल्दछ ।

साहित्यले युग दर्शन गराउँछ, युग सन्देश दिन्छ युगलाई डोऱ्याउँछ भूत, भविष्य, वर्तमान सम्पूर्णलाई समेट्न खोजेको हुन्छ । समाजलाई डोऱ्याउने खालका रचनाहरू सिर्जित भए भने साहित्य उन्नत बन्छ, शायद उद्देश्य पनि यही हो । यही उद्देश्यलाई नबोदित युवा कवि शान्त बहादुर थापा पनि पुरा गर्न तल्लीन छन्। उनका प्रत्येक कविताले मार्ग पहिल्याउन निर्देशित गरेको अनुभव हुन्छ ।

कवि कसैको बस्ने बास छैन, कसैलाई खाने खर्च छैन, धनी र गरीबको असमानतालाई लेख्न पुग्छन्–

लुत्रा बोरा लुट् पुट् गरी अङ्ग ढाकिरहेका.....
.....इत्यादि । कहीं प्रकृतिको सौन्दर्यतामा रहेको, कहीं मानवतावादी बन्न खोजेको कहीं जीवन चक्रलाई ओल्याउन पुगेको, कहीं आजका विद्यार्थीहरूलाई अर्थ बुझाउन खोजेको हामी पाउँछौं ।

उनका कविताले छल, कपट, दिन चर्या र र जिन्दगीका अनेक मोडहरूलाई समेट्न खोज्दै हिंडेका कवि आफ्नो 'कविका कविता' को माध्यमबाट देखाउन पुगेको देखिन्छ ।

उपजीवक काव्यको कवि सारा रमाउने
भावुक भावना साथ काव्यसारा जमाउने.. ।

भाषा शुद्ध र परिष्कृत रहेको यस संग्रहलाई सततर्ती हेर्दा केही सामान्य त्रुटी भेटिएलान् तर भित्री सहमा पुगेर दृष्टि दिने-हो भने पाठकलाई आनन्द दिनुको साथै नेपाली साहित्यलाई थप योगदान पुऱ्याउने छ भन्ने आशा अवश्य गर्न सक्छौं ।

यो 'कविता संग्रह' प्रत्येक व्यक्तिको लागि संग्रहणीय रहेको छ ।

× + ×

यो यौटा साहित्यिक यात्रा हो, अनन्त यात्रा हो बौद्धिक यात्रा हो र समाजलाई डोऱ्याउने लक्ष्य लिएको महान यात्रा हो । वस्तुत: मानव जीवन नै यौटा यात्रा हो तर यस यात्रामा हिंड्ने प्रत्येकको पीडा व्यथा प्रेम सुख दुःख, सौहाद्रता सम्वेदनशीलतालाई समेट्ने त्रिमूर्तिको संयुक्त यात्रा हो । यो कुनै व्यक्ति विशेषको यात्रा हो जस्तो लाग्दैन, हैन पनि होला । एक त परिष्कृत साहित्यले समाजलाई नै डोऱ्याउँछ, त्यहाँ व्यक्ति विशेष भन्ने प्रश्न नै उठ्दैन । कवि, कथाकार, नाटककार एवं लेखक आदिको यात्रा समाजको लागि हुन्छ, यस्तै 'यात्रापछि यात्रा' संग्रहको रूपमा त्रिमूर्ति (बिमल भौकाजी, उत्तम भौकाजी र बलराम बञ्जारा) यात्रा गर्दैछन् ।

नेपाली साहित्य जगतमा स्थापित नै सकेका यी नामहरूले एउटा नौलो यात्रा प्रारम्भ गरेको देखिन्छ, जसमा- लघुकथा, कथा, कविता रहेका छन्, जसको विषयमा प्रारम्भ मै समालोचक अभि सुवेदीले चर्चा गर्नु भएको छ ।

६४ पेज भएको यस संग्रहमा सर्वप्रथम पृ ९-२२ सम्म १२ वटा बिमल भौकामीका लघुकथाहरू अत्यन्त रोचक ढंगबाट प्रस्तुत भएका छन्-
'बाबु ! तैंले मलाई खाइस् कि मैंले तैंलाई खाएँ' जागीर

पृ. २३-३६ सम्म ११ वटा कविताहरू लिएर उत्तम भौकाजी दोस्रो स्थानमा प्रवेश गरेका छन् । सबै कविता गद्यात्मक रूपमा प्रस्तुत भएका छन्- 'म मरे पनि मेरो कविता कहिल्यै नमरोस् ।"

मेरो लाशको चिता माथि मेरो कविताको ठेलो
दन्दन्तो न जलोस्"- 'कवि र कविता'

तेस्रो स्थानमा- महत्वाकांक्षा, स्वप्न भंग र धोबीको कुकूर शीर्षक कथा बलराम बञ्जाराका रहेका छन् । पृष्ठ ३७-५२ सम्मको स्थान ओगटेका कथाहरूले सम-सामयिक समस्यालाई लिएको देखिन्छ । यस बाहेक अतिथि सहकर्मीहरू- दिनेश अधिकारीका गीतहरू, ज्ञानु बाकर पौडेलका गजलहरू र अशेष मल्लको लघुतम नाटक समावेश भएको छ ।

यसरी अनेक विधा अंगालेको यस साहित्य संग्रहलाई झट्ट हेर्दा पत्रिका जस्तो भान भए पनि त्रिमूर्तिको नौलो यात्रा हो । यसमा रहेका प्रत्येक विधा सरल भाषामा प्रस्तुत भएका छन् । यो किताब पाठकका हातमा परेपछि दृष्टि उनीहरूकै यात्रामा संलग्न हुन्छ । तसर्थ साहित्यप्रेमिका लागि यो संग्रह संग्रहणीय रहेको छ जस्तो लाग्छ ।

पुस्तकको नाम-यात्रा पछि यात्रा (साहित्य संग्रह)
लेखक- बिमल भौकाजी, उत्तम भौकाजी र बलराम बञ्जारा
अतिथि लेखक- दिनेश अधिकारी, ज्ञानुवाकर पौडेल र अशेष मल्ल
विधा- लघुकथा, कथा, र कविता
साल- वि. सं. २०४९ आषाढ
प्रकाशन- भौकाजी प्रकाशन
मूल्य- १५ (पन्ध्र)

आस्थाको प्रदेश र यसको सेरोफेरो

कृति:– आस्थाको प्रदेश (कविता संग्रह)
कवि:– उमेश उपाध्याय
प्रकाशक:– भानु प्रकाशन
प्रथम:–
संस्करण:– २०४८
मूल्य:– रू० १०।– मात्र

☐ मानिसको रगत पानी बन्छ भने बन्छ
म निरुत्साहित हुन
किन भन्ने पानी तातेपछि आगोजस्तै पोल्ने हुन्छ ।
(आस्थाको प्रदेश: पृ. ३०)

– यो अभिव्यक्ति सूदूर पूर्वका कवि उमेश उपाध्यायको हो ।

– कविता लेखन स्वयंमा जटिल होइन जब कवि प्रतिभाशाली छन् । कविता वा साहित्यका अन्य विधानं समष्टिमा भन्ने हो भने मान्छे मात्रका सुक्ष्म मानसपटलमा चेतना प्रवेश गराई बौद्धिक जनजागरण सिर्जना गर्ने माध्यम हो ।

– मानिस कुनै पनि क्षण आन्दोलित हुन्छ । हुने गर्दछ । आन्दोलित हुने सन्दर्भमा निसन्देह उसलाई चेतनाले महत गर्छ । घचघचाउने गर्छ । कवि यहाँ मान्छे र चेतना बीचको सम्बन्धलाई 'चेतना र ऊ' शीर्षकको कवितामाथि अभिव्यक्त गर्छन्–

☐ मेरो स्वायत्तताका सम्भावित क्षणहरूलाई
काटेर कट्कटी जोड्दै पुछारमा
जब ऊ मेरो दासताको आयु लम्ब्याउँदै हुन्छ
त्ससबेला प्रतिरोधमा शिर उठाएको मेरो चेतना

× × ×

उसका लागि विषालु सर्पझैं हुन्छ ।

☐ निशस्त्र मेरो चेतना डराएको छैन
ऊ जति सशस्त्र भए पनि डराएको हुन्छ
मेरो स्वायत्ततामा क्षणहरू कट्कटी काट्दै
जब ऊ मेरो दासताको आयु लम्ब्याउँदै हुन्छ ।

–०–

(पृ. २)

– यसरी कवितामाथिब्र आगोका फिलुङ्गा र विद्रोहका रांकोहरू असरल्ल छरेर बांचेका कवि प्रत्येक–मानिसलाई चेतनशील हुन आग्रह गर्छन् ।

– कविता लेखनलाई स्वयं लेखकको आत्मस्वीकृति मान्ने गरिन्छ । वास्तवमा आत्मस्वीकृतिभन्दा ठूलो भावनात्मकता हामीले अन्त भेट्टाउँदैनौं । हिजोभन्दा आज साहित्यको यस विधामा विखण्डनवाद छाएको छ । व्यक्तित्ववादमा परिणत यस्ता वादहरू वास्तवमा विसंगत परम्परा नै हो । काठमाण्डौलाई नै नेपाल सम्झने यहाँका कवि–लेखकहरूको आत्मसम्भावना साँच्चै भन्दा आस्थाको प्रदेशमा कवि उमेशजीले एउटा गतिले झटारो हान्नु भएको छ ।

– प्रकाशित कवितामध्ये कतिपयमा प्रस्तुति, भावनाको अनमेल आदिले गर्दा उपयुक्त नभए पनि अन्य कवितामा मानवीय संवेदना, क्रान्तिको संवाहन र विद्रोहका आवाजहरू पोखिएका भेटिन्छन् । समष्टिमा निराशा र आस्थाका समवेत स्वरहरूले युक्त उनको यस कविता सङ्ग्रह आस्थाको प्रदेशलाई पूर्वाञ्चलमा मात्र सीमित नमानी सम्पूर्ण नेपाली साहित्यप्रेमी बन्धुहरूको लागि एउटा ठूलो उपलब्धिपूर्ण कृतिको रुपमा लिन सकिन्छ ।

– अज्ञान
पोष्ट बक्स १०
काठमाडौं ।

जीवनका तंरगहरू

– युवराज नर्याघरे

'जीवनका तंरगहरू' २२ वटा गद्यात्मक कविताहरूको कवि वसन्त कुमार खड्का रचित कविताहरूको सङ्कलो हो। जीवनका द्वन्दनिपूर्ण समस्या र समाधान, कुण्ठा र विद्रोह, हास र परिहास, नैतिकता र इमान्दारीता, अप्रजताको अध्ययन, राष्ट्रियता र प्रजातन्त्र लगायत विविध कोण र प्रतिकोणमा आबद्ध विचारहरू सकलित कविताका स्वरहरू हुन्।

'भानुको' स्थितिलाई चित्रण गर्ने कवि खड्का 'हुरी' कवितामा आधुनिक मान्छेको मनःस्थिति देखाउन सफल र सबल छन्। 'राष्ट्रिय वन्दना'-मा राष्ट्रको गान गाउने कवि प्रजातन्त्र' आगमनको स्वागत मन मट्ले गर्छन्। 'फागुनको सातौं दिन' कवितामा शहीदका सुन्दर, ओजस्वी र अनुपम तस्वीर उतार्न सफल छन्। यस्तै यस्तै उनका अन्य कविताहरू मननीय र पठनीय छन्।

अन्त्यमा– भावागत अशुद्धी। स्तरीय छपाईको अभाव। भाषा-शैली र प्रस्ततिको सतही लेखकीय घनता। भए पनि मोफसलबाट कवि खड्काबाट प्रयास-रत् स्थिति संझदा नेपाली साहित्यको बागमा प्रस्तुत संग्रह एउटा फूल फूलेको भनेर चित्त बुझाउनु पर्छ।

☐ जीवनका तंरगहरू– कविता संग्रह
वसन्त कु. खड्का कवि
सूर्योदय प्रकाशन, भद्रपुर-
झापा–प्रकाशक
प्रकाशित मिति २०४८।७।११

जीवन

– गोविन्द प्रसाद श्रेष्ठ

जिन्दगी एउटा वसन्तमात्र होइन रहेछ
शिशिर जस्तै उराठ लाग्दो पतझड रहेछ
अमर्त भै बाँच्नु केवल जीवन होइन रहेछ
बुई घुड्को पानी छलछाममा कर्त पिउनु पर्दो रहेछ !
हाँसिर बाँच्ने गुलाफ मात्र जीवन होइन रहेछ
रोएर बाँच्ने मृत सागर पनि जीवनै रहेछ
निरन्तर उल्लास र गतिमान मात्र जीवन होईन रहेछ
चाँदीको रेखा तोडेर आँशु बगाउनु पनि जीवन रहेछ !

उदयपुर बेल्टार
हाल– कीर्तिपुर काठमाडौं

चोर– माफ गर्नु होस महाशय, तपाईले यता कतै पुलिस देख्नु भयो ?

व्यक्ति– अहँ कतै पनि देखिन।

चोर– त्यसो भए तँ संग कति पैसा छ खुरुक्क निकाल, घडी पनि फुकाल र दिएर जा।

× × × × ×

पत्नी– हेर्नु सन त्यो मान्छे आपनी श्रीमतीसंग कसरी हाँसी हाँसी कुरा गरिरहेको छ, तपाई भने... ...।

पति– उ आपनी श्रीमतीलाई छोड्न आएको छ म चाहीं तिमीलाई लिन आएको छु।

हाकोनेका प्रस्तर मूर्ति

– शैलेन्द्र साकार

हाकोनेका प्रस्तर भव्य मूर्तिहरू
आकाश तिर उड्न लागेका
स्वतन्त्र मूर्तिहरू
प्रत्येक ईन्च सुन्दर मूर्तिहरू
कुममा पखेटा पहिरेर साँचिनै
परिकथाका राजकुमारीहरू झैं
अन्तरिक्षमा घुस्न जान लागेका
मेरा देशका मूर्तिहरू संग बाँजेर
म तिनीहरूलाई हेर्छु
मेरा देशका मूर्तिहरूका हातमा
भिक्षा पात्र छ
तिनीहरूका कुँजो परेका हात
हाकोनेका भव्य मूर्तिका साम्रू बाउन्ने र
रोगीहातहरू !
हाकोने इलेमेटर, केही बेर थाक्न सुस्ताउने
सिनेका माउण्ट फूजी जानेहरूको सुन्दर संसार
विशाल तालहरूमा स्किइंग कोटरबोट
र सुन्दर नाउहरू
हाकोनेका कलाको सुन्दर समन्वय छ
थामसमूर, पिकासो, संग्रहालय
माउण्ट फूजीको पृष्ठभूमि
ओह, मेरो देशका माग्ने मूर्तिहरू मन्दा
यो कति अलग र स्वतन्त्र छ ।

विज्ञान जगत

प्लाष्टर नगरिकनै हाड जोड्न सकिने !

शरीरमा कुनै पनि अङ्गको हाड यदि भाँचिएको छ भने त्यसलाई जोड्न अब प्लाष्टर गरिरहनु नपर्ने भएको छ । अबदेखि आधुनिक वैज्ञानिक उपकरणहरूको मद्दतबाट भाँचिएको हाडलाई कम समयमा नै सामान्य रूपमा ल्याउन सकिनेछ । जर्मनी डा. एस. बेलर तथा भारतीय डा. मणिका अनुसार यस्ता आधुनिक उपकरणहरू शरीर भित्र या बाहिर जुन सुकै अंगमा पनि उत्तिकै सरलताका साथ प्रयोग गर्न सकिन्छ ।

कृत्रिम रगत !

सोभियत रूसका वैज्ञानिकहरू कृत्रिम रगतको निर्माण गर्ने काममा सफल भएका छन् । डेक्स्ट्रेन पालोमार पद्धतिका आधारमा रासायनिक मिश्रणद्वारा तयार पारिएको यस कृत्रिम रगतलाई उनीहरूले 'पालीग्लेसोल' भन्ने नाम दिएका छन् । यो कृत्रिम रगत जुन सुकै ग्रुपको रगत भएका रोगीहरूलाई दिन सकिन्छ ।

संकलक– यमराज निरौला
धरान–१६

गर्भ पत्ता लगाउने किरा !

दिल्लीको नेशनल इन्स्टिच्यूट इम्यूनोलाजीले एउटा यस्तो किसिमको किरा विकसित गरेको छ, जसले गर्भ पत्ता लगाउछ । दिल्लीको एक निजीस्तरको फर्मले यसको व्यापारिक दृष्टिले उत्पादन आरम्भ गर्छ ।

त्यस इन्स्टिच्यूटका निर्देशकका अनुसार यस किरालाई एकै पटक मात्र उपयोग गरिन्छ । अनि नियमित समयमा रजोधर्म नहुने अनि पाँच दिन पछि मात्र गर्भ हुने हरूको गर्भ पत्ता लगाउछ ।

– विष्णु प्रसाद भण्डारी
शंकर नगर–५ रुपन्देही